# संघीय संसद

# राष्ट्रिय सभा

# सोह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १९ असार २०८१

# बुधबार

# बैठक सङ्ख्या- २३

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१८ बजे प्रारम्भ भयो।

(१३:२० बजे)सम्माननीय अध्यक्षः-माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्ने समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई एक मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम, माननीय किरण बाबु श्रेष्ठ।

(१३:२० बजे)माननीय श्री किरण बाबु श्रेष्ठ(नेपाली काङ्ग्रेस):- सम्माननीय अध्यक्षज्यू, "न्याय नपाए गोरखा जानु" भन्ने राजा राम शाहदेखि नेपाल एकीकरणको सूत्रपात गर्ने राष्ट्रिय

एकताका प्रतीक पृथ्वी नारायण शाहको कालदेखि अवस्थित गोरखा दरबार, यस दरबारमा धार्मिक एवम् सांस्कृतिक परम्परा विगत ४०० वर्षदेखि सञ्चालन हुँदै आएको छ। गोरखा दरबारको यस परम्परा र संस्कृतिहरू संरक्षित हुन नसक्ने अवस्था अहिले देखिँदै गएको छ। यहाँ कर्मचारीहरूको सङ्गठन तालिका पुनरावलोकन गर्न र प्रचलनमा रहेको सांस्कृतिक धरोहरको परम्परा जोगाउन वर्तमान सांस्कृतिक, साङ्गठनिक संरचनाबाट देखिँदैन। त्यसैले एउटा नयाँ सङ्गठन संरचना तयार गरी दरबन्दीको व्यवस्था गर्न र यो ४०० वर्ष अघिदेखि संस्कृति, परम्परालाई जोगाउनको लागि सम्बन्धित मन्त्रीको ध्यानाकर्षण गर्न सम्माननीय अध्यक्षज्यूमार्फत अनुरोध गर्दछु। धन्यवाद।

सम्माननीय अध्यक्षः- माननीय सदस्य पदम बहादुर परियार।

(१३:२१ बजे) माननीय श्री पदम बहादुर परियार (नेपाली काङ्ग्रेस):- सम्माननीय अध्यक्षज्यू, नेपालमा हजारौं हजार बहिरा समुदायका व्यक्तिहरू बस्नुहुन्छ। र बहिरा समुदायको सूचना पाउने एकमात्र आधार भनेको साङ्केतिक भाषा हो। र संघीय संसदमा भए गरेका सबै कामकारवाहीहरूबाट नेपाली बहिरा समुदायहरू विमुख हुनुहुन्छ। किनभने संसदमा भएका गतिविधिहरूको प्रत्यक्ष प्रसारण अथवा रेकर्डिङ्ग पनि साङ्केतिक भाषामा हुने गरेको छैन। संसदमा भएका, नीति निर्माण गर्ने थलोमा भएका कुराहरूबाट बहिरा समुदायहरू विमुख छन्। तसर्थ, तत्काले सम्माननीय अध्यक्षज्यूमार्फत, साङ्केतिक भाषाको दोभाषे राख्नको लागि म सरकारसँग माग गर्दछु। धन्यवाद।

सम्माननीय अध्यक्षः- माननीय सदस्य पूजा चौधरी।

(१३:२२ बजे)माननीय श्री पुजा चौधरी (जनता समाजवादी पार्टी नेपाल):- सम्माननीय अध्यक्ष महोदय, अहिले खेतीपातीको समयमा मधेश प्रदेशका जनताले जहिले पनि हाहाकार चलिरहेका हुन्छन्। मलको तस्करी हुन्छ मधेश प्रदेशमा तर चाहिएको बेलामा किसानले त्यही मल पाइराखेको हुँदैनन्। त्यसैले म सम्माननीय अध्यक्षज्यूमार्फत् सम्बन्धित मन्त्रालयलाई मलको निकास छिटोभन्दा छिटो निकाल्दिनुहुन हार्दिक अनुरोध गर्दछु। धन्यवाद।

सम्माननीय अध्यक्षः- माननीय सदस्य रुक्मिणी कोइराला।

(१३:२३ बजे)**<u>माननीय श्री रुक्मिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, गत यही असार १५ गते हामीले भव्य रूपमा धान दिवस मनायौं। तर वास्तविक किसानलाई यो दिवस भव्य भयो कि भएन? भन्ने जान्ने कोशिस पनि गरिएन।फोटो खिच्नकै लागि धेरै मानिसहरूको उपस्थिति खेतबारीमा देखियो। तर किसानका लागि आवश्यक सामग्रीहरू पर्याप्त थियो कि थिएन। मल, बीउको सिँचाइको, ज्याला मजदुरलाई दिने पैसाको बारेमा कसैले पनि चासो राखेको थिएन होला। यसका लागि हाम्रो पूर्व तयारी कति छ र उत्पादकत्व वृद्धिका लागि स्थलगत कृषि प्राविधिक उन्नत जातको बीउ पर्याप्त मल, पर्याप्त सिँचाइको व्यवस्थाको जरुरत पर्दछ। तर यस्तो योजनाको बारेमा कहीं कतै सुन्न पाइएन। देशको कुल गार्हस्थ्य उत्पादनमा प्रत्यक्ष योगदान दिने कृषि क्षेत्रबाट उच्चतम उत्पादन गरी खाद्यान्न आयात घटाउन सके मात्रै देशलाई समृद्ध बनाउन सकिन्छ। तर आउँदो आर्थिक वर्षको बजेटमा.....(समय सकिएको)।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१३:२४ बजे)**<u>माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काङ्ग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, मुग्लिन-नागढुङ्गा सडक मार्ग ६५ जिल्लाका यात्रुहरू काठमाडौं प्रवेश गर्ने प्रमुख मार्ग हो।यो खण्ड वर्षौंदेखि टालटुलका भरमा मात्रै चल्दै आएको छ। वर्षाको समयमा यो सडक अति जीर्ण बन्न पुग्दछ। दैनिक करीब २० हजार सवारी आवतजावत गर्ने सडकको अवस्था वर्षौंदेखि फेरिएको छैन। ठेक्का लागेको २४ महिनापछि मात्र काम सुरु भएको यो सडकको हाल ३ चरणमा काम सुरु भएता पनि वर्षा लागेसँगइ निर्माणका काम रोकिएका छन्। चाडपर्वको समयमा दिनमा लाखौं यात्रीहरू आवतजावत गर्दा यो सडकको स्थिति के होला? नागरिकहरूको जिउज्यानको सुरक्षाको लागि जिम्मेवार निकायको समयमै ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद। जय नेपाल।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य विष्णु देवी पुडासैनी।

(१३:२५ बजे)**<u>माननीय श्री विष्णुदेवी पुडासैनी (नेपाली काङ्ग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, स्वास्थ्य बिमा कार्यक्रम २०७२ मा सुरु भई सबै स्थानीय तहमा स्वास्थ्य बिमा दर्ता

सहयोगीका रूपमा नियुक्ति पाएका थिए। स्वास्थ्य बिमा गराए बापत् उनीहरूले १०% प्रोत्साहन बापतको चाहिँ भत्ता पाउँथे। र १% चाहिँ कर तिर्नुपर्थ्यो। कर कट्टा हुन्थ्यो। त्यसरी सेवा गर्दै आएका स्वास्थ्य बिमासम्बन्धी कार्यकर्ताहरूलाई अहिले महालेखाले १५% कर राख्न पर्छ भनेर, तिर्नुपर्छ भनेको हुनाले उनीहरूको चाहिँ अहिलेसम्म तलब पाएका पनि छैनन्, बेरुजु देखिइरहेको छ। १०% चाहिँ सेवाबापत पाउँछन्, १५% करकट्टा गर्नु पर्दा उनीहरू हामीलाई मर्का पर्यो भनेर सरकारसँग गुहार माग्न काठमाडौं आए। तर सरकार उनीहरूको कुरा सुन्न भन्दा लाठी चार्ज गरेर घाइते बनाएको पनि.....(समय सकिएको)।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१३:२६ बजे)<u>माननीय श्री विष्णुबहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, सल्यान जिल्ला त्रिवेणी गाउँपालिका वडा नम्बर ६ लोहामस्थित पब्लिक बोर्डिङ स्कुलमा कक्षा ६ मा अध्ययनरत छात्र अरूण विश्वकर्मालाई शिक्षक चक्र बहादुर डाँगीले निर्घात पिटेर घाइते बनाएका छन्। यो घटनाले निकै आक्रोशित बनाएको छ। हाल घाइते बनाइएका विद्यार्थी सल्यान जिल्ला अस्पतालमा उपचार भई डिस्चार्ज भएका छन्। घाइते बनाउने शिक्षकलाई कडाभन्दा कडा कारवाही, कानूनी कारवाही गरियोस्। पीडित विद्यार्थीलाई क्षतिपूर्तिसहित उचित न्याय दिलाइयोस् भन्ने मागसहित सम्माननीय अध्यक्षमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद। लाल सलाम।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य श्रीकृष्णप्रसाद अधिकारी।

(१३:२७ बजे)<u>माननीय श्री श्रीकृष्णप्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, २०७२ सालको भूकम्पबाट रसुवा जिल्ला उत्तरगया गाउँपालिकामा ६९५ घरधुरी विस्थापित भएको थियो। तीमध्ये ४५० घर उत्तरगया गाउँपालिका तिरु र तल्लो पहिरे बेसीमा एकीकृत बस्ती निर्माण गरी विस्थापितलाई राख्ने योजना थियो। तीमध्ये अझै तिरु गाउँमा २९ घर र तल्लो पहिरे बेसीमा १८२ घर निर्माणका लागि जग्गा अधिग्रहण भए पनि घर निर्माण सुरु हुन सकेको छैन। साथै, शान्ति बजारको २४ घरसमेत १३२ घरको लागि अझै जग्गा

अधिग्रहण हुनसकेको छैन। व्यवस्थापन हुन नसकेका विस्थापितहरूलाई आवास निर्माणको व्यवस्था गर्न सम्माननीय अध्यक्षज्यूमार्फत गृह मन्त्रीको ध्यानाकर्षण गर्न चाहन्छु। धन्यवाद। अभिवादन।

(१३:२८ बजे)<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणीकरणसम्बन्धी पत्र प्राप्त हुन आएको छ। अब म उक्त पत्रको बेहोरा जानकारी गराउँछु।

विषयः- विधेयक प्रमाणीकरण गरी पठाएको।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणकीरण भएको देहाय बमोजिमको ऐनको प्रमाणीकृत प्रति १ थान यसैसाथ सङ्लग्न गरी पठाइएको बेहोरा अनुरोध गर्दछु।

विधेयकको नामः- सुरक्षण मुद्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक।

प्रमाणीकरण मितिः- २०८१।०३।१८ गते

डिल्लीराम शर्मा, सचिव

२०८१ असार १८ गते ।

माननीय सदस्यहरू, अब म राष्ट्रियसभाका सचिव डा. सुरेन्द्र अर्याललाई आर्थिक विधेयक, २०८१, राष्ट्र ऋण उठाउने विधेयक, २०८१ र भन्सार महशुल विधेयक, २०८१ का सम्बन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देश सभासमक्ष जानकारी गराई टेबुल गर्न समय उपलब्ध गराउँछु।

(१३:२९ बजे)<u>राष्ट्रिय सभा सचिव श्री डा. सुरेन्द्र अर्याल</u>- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधिसभाबाट पारित भएको विधेयकको सन्देश प्राप्त हुन आएको छ। अध्यक्ष महोदयको अनुमतिले

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (१) बमोजिम उक्त सन्देश सभासमक्ष जानकारी गराउँछु।

श्री सचिव,

राष्ट्रिय सभा।

विषयः- सन्देशसहित विधेयक पठाइएको।

सम्वत् २०८१ साल असार १६ गते आइतबार बसेको प्रतिनिधिसभाको बैठकले आर्थिक विधेयक २०८१, राष्ट्र ऋण उठाउने विधेयक, २०८१ र भन्सार महशुल विधेयक, २०८१ लाई प्रस्तुत रूपमा संशोधनबिना पारित गरेकोले प्रतिनिधसभा नियमावली २०७९ को नियम १२७ को उपनियम (१) बमोजिम सन्देशसहित विधेयक पठाइएको बेहोरा अनुरोध गर्दछु।

पद्म प्रसाद पाण्डे

महासचिव

२०८१।०३।१६

अध्यक्ष महोदयको अनुमतिले राष्ट्रियसभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (१) बमोजिम उक्त सन्देश यस सम्मानित सभासमक्ष टेबल गर्दछु। धन्यवाद।

(१३:३० बजे)<u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याललाई राष्ट्रिय सभाबाट पारित भई सन्देशसहित प्रतिनिधिसभामा पठाइएको अभिलेख संरक्षण पहिलो संशोधन विधेयक, २०७७ का सम्बन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देश सभासमक्ष जानकारी गराई टेबुल गर्न समय उपलब्ध गराउँछु।

(१३:३१ बजे)<u>राष्ट्रिय सभा सचिव श्री डा. सुरेन्द्र अर्याल</u>- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाबाट सन्देशसहित प्रतिनिधिसभामा पठाइएको विधेयकको सम्बन्धमा सन्देश प्राप्त भएको छ। अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली २०७५ को नियम १२३ को उपनियम (१) को व्यवस्था बमोजिम उक्त सन्देश सभासमक्ष जानकारी गराउँछु।

श्री सचिव,

राष्ट्रिय सभा।

विषयः- सन्देशसहित विधेयक फिर्ता पठाइएको।

राष्ट्रियसभामा उत्पत्ति भएको अभिलेख संरक्षण पहिलो संशोधन विधेयक, २०७७ लाई अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको प्रतिवेदन संशोधनसहित सम्वत् २०८१ साल असार १३ गते विहीबार बसेको प्रतिनिधिसभाको बैठकले पारित गरेकोले प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १३३ को उपनियम (५) बमोजिम सन्देशसहित उक्त विधेयक पठाइएको बेहोरा अनुरोध गर्दछु।

पद्म प्रसाद पाण्डे

महासचिव

२०८१।०३।१३

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रियसभा नियमावली २०७५ को नियम १२३ को उपनियम (१) को व्यवस्था बमोजिम उक्त सन्देश सभासमक्ष टेबुल गर्दछु। धन्यवाद।

(१३:३२ बजे)<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, विनियोजन विधेयक, २०८१ का विभिन्न शीर्षकहरूमाथिको छलफल प्रारम्भ हुन्छ। यस अन्तर्गत आज श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला

मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, गृह मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोगको सचिवालयसम्बन्धी विनियोजन शीर्षकहरूमा छलफल हुने बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३४ बमोजिम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र कृषि तथा पशुपंक्षी विकास मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथि क्रमशः माननीय सदस्यहरू पदम बहादुर परियार र माननीय सदस्य आनन्द प्रसाद ढुंगानाबाट खर्च कटौतीका प्रस्तावहरू प्राप्त हुन आएका छन्।

माननीय सदस्यहरू, अब म खर्च कटौती प्रस्तावको प्रस्तावक माननीय सदस्य पदम बहादुर परियारलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजको लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु। समय १५ मिनेट।

(१३:३३ बजे)माननीय श्री पदम बहादुर परियार (नेपाली काङ्ग्रेस):- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको असार १९ गतेको आजको सभामा म शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको आर्थिक वर्ष २०८१/८२ को विनियोजन विधेयकमा खर्च कटौतीको बारेमा आफ्नो प्रस्ताव राख्न गइरहेको छु। त्यो भन्दा अगाडि मेरो आफ्नो नीतिगत असहमतिको बारेमा थोरै सभासमक्ष व्याख्या गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, संघीय संसद एउटा सम्मानित र सार्वभौम जनताको प्रतिनिधिहरूको एउटा थलो हो। संघीय संसद अन्तर्गत प्रतिनिधिसभा र राष्ट्रियसभा छन्, हामी सबैलाई थाहा भएको विषय हो।तर हामीले के सोच्यौं, कसरी यो संसदलाई विभेदकारी बनाउने, असम्मानित बनाउने, फरक फरक बनाउने सन्दर्भमा हामीले कसरी यति धेरै सांसदहरूलाई पनि अपमानित हुने गरेर यस्तो व्यवस्था गर्यौं। मलाई बडो लज्जाबोध भईरहेको छ।

सम्माननीय अध्यक्ष महोदय, एउटा सांसदको रूपमा बजेट संसदमा प्रस्तुत भईसकेको छ।प्रतिनिधिसभामा बजेट प्रस्तुत भईसकेको छ। प्रतिनिधिसभाले बजेटलाई पारित गरिसकेको छ। तर फेरि राज्यका गरिब जनताहरूले उठाएको करलाई खर्च गरेर फेरि हामीले राष्ट्रिय सभामा त्यो बजेटका बारेमा छलफल गर्नुपर्ने, जसको तात्त्विक अर्थ खासै देखिँदैन।होला एउटा संसदीय अभ्यासको प्रक्रिया होला, संसदीय प्रक्रिया होला, काम होला, त्यो ठीक छ,तर राज्यको कर प्रयोग

गरेर बिना कुनै उपादेयताको विषयवस्तुमा छलफल गरिनु यो कुनै पनि तरिकाले बुद्धिमत्तापूर्ण छ जस्तो मलाई लाग्दैन। म सम्माननीय अध्यक्ष महोदयमार्फत यस सम्बन्धमा आवश्यक कानूनी प्रबन्ध अथवा आवश्यक समन्वय कम्तीमा संघीय संसदका सम्माननीय अध्यक्ष र सम्माननीय सभामुख बसेर छलफल गरेर कम्तीमा प्रतिनिधिसभामा छलफल भईसकेपछाडि राष्ट्रियसभामा छलफल नहुँदासम्म त पास गर्नलाई रोक्न सकिन्छ होला नि। अथवा सँगसँगइ छलफल चलाउन पनि सकिन्छ होला नि। त्यत्ति पनि नगरीकन एउटा सभाबाट पास गरेर आइसकेको कुरालाई राष्ट्रिय सभामा छलफल गरिनु यो अलिकति नमिल्दो संसदीय अभ्यास भयो कि? नमिल्दो संवैधानिक अथवा कानूनी व्यवस्था भयो कि भन्ने सन्दर्भमा म सभाको ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, यस वर्ष सरकारले प्रस्तुत गरेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको बजेट शीर्षक नम्बर २११४२ पदाधिकारी तथा अन्य सुविधाहरू सम्बन्धमा भएको बजेटलाई घटाएर एक रुपैयाँ कायम गरियोस् भनी म प्रस्ताव गर्न चाहन्छु। यसका नीतिगत मेरा तर्कहरू के छन् भने यही यस्तै खालको पदाधिकारीहरूलाई दिने अन्य सुविधाहरू, अन्य उपशीर्षकहरू २११३९, २११४२, २११४९ अन्तर्गत पनि विभिन्न अन्य भत्ता तथा अन्य सुविधाहरू शीर्षकमा चाहिँ विनियोजन गरिएको छ। एकै प्रकृतिका खर्चहरू विभिन्न शीर्षकमा छुट्याएर यसरी राखिनुले चाहिँ दोहोरोपना देखाउने र यो रकम अघिल्लो २०७९/८० मा यो शीर्षकमा चाहिँ कुनै बजेट पनि नराखिएको तर अहिले चाहिँ अकस्मात् बजेटहरू राखिएको सन्दर्भमा यो बजेट घटाएर एक रुपैयाँ कायम गरियोस् भनी म प्रस्ताव पेस गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, म अब शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत छुट्टिएको बजेटको सन्दर्भमा र अन्य मन्त्रालयहरूमा छुट्टिएका बजेटका सन्दर्भमा मेरा आफ्ना केही विश्लेषणहरू पेस गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख रुपियाँको यस वर्षको बजेट आइरहँदा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत २ खर्ब ३ अर्ब ७४ करोड ४९ लाख बराबरको बजेट चाहिँ विनियोजन भएको छ। यो कुल बजेटको १०.९५% हुन आउँछ। आर्थिक वर्ष २०७७।७८ मा शिक्षा मन्त्रालयलाई ११.६४% बजेट छुट्याइएको थियो। त्यसै गरीकन आर्थिक वर्ष २०७४।७५ मा शिक्षा मन्त्रालयलाई ९.९१% बजेट विनियोजन गरिएको थियो। अघिल्लो वर्ष मात्रै २०८०।८१ मा यस मन्त्रालयलाई ११.२७% बजेट छुट्याइएको थियो। तर यस वर्ष यो बजेट घटेर १०.९५% मा आएको छ। सोह्रौं योजनाले शिक्षा क्षेत्रको बजेट कम्तीमा १०% भन्दा माथि राख्ने भन्ने लक्ष्य लिएको छ। तसर्थ नेपाल सरकारलाई म

कम्तीमा १०% भन्दा माथि शिक्षा क्षेत्रको बजेट राखियोस् र यसलाई नघटाइयोस् भनेर प्रस्ताव गर्न चाहन्छु। खास गरीकन शिक्षा मन्त्रालय अन्तर्गत विनियोजन गरिएका बजेटहरूको सन्दर्भमा एउटा बजेट शीर्षकमा मेरो अलि चासोमा परेको छ। एउटा बजेट शीर्षकमा चाहिँ शिक्षा मन्त्रालयको बेरुजु फछ्र्यौट गर्नका लागि शिक्षा मन्त्रालय अन्तर्गत भएका बेरुजुहरू जुन वर्षौंदेखि भएका बेरुजुहरू छन्। ती बेरुजुहरू फछ्र्यौट गर्नका लागि एउटा शीर्षकमा ३० लाख, त्यसलाई नियमित गर्ने बेरुजु सफ्टवेयर सञ्चालन गर्नका लागि अर्को शीर्षकमा २० लाख र त्यसै सम्बन्धी अर्को कार्यक्रमहरू गर्नको लागि, गोष्ठीहरू गर्नको लागि ३५ लाख बजेट विनियोजन गरिएको छ। मलाई अचम्म लाग्दछ, सरकारले, मन्त्रालयले नियमित रूपमा गर्नुपर्ने कार्य मन्त्रालयले जानेर नजानेर, चाहेर नचाहेर भएका बेरुजुहरू जसलाई मन्त्री र मन्त्रालयका सम्बन्धित अधिकारीहरूले त्यो बेरुजुलाई फछ्र्यौट गर्ने नियमित प्रक्रिया हो जस्तो लाग्दछ। तर सरकार चाहिँ नेपाली जनताले तिरेको करबाट गोष्ठी गरेर, त्यस्तै त्यस्तै कार्यक्रमहरू गरेर बजेट फछ्र्यौट गर्ने जुन प्रस्तावहरू ल्याइएको छ, क्रियाकलापहरू ल्याइएको छ, यो त्यति मिल्दो छ जस्तो मलाई कत्ति पनि लागेको छैन। तसर्थ म सम्बन्धित मन्त्रीसँग यस कार्यक्रमको बारेमा विस्तृत रूपमा अध्ययन गर्नको लागि म अनुरोध गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, यस मन्त्रालय अन्तर्गत अपाङ्गता भएका विद्यार्थी, अपाङ्गता भएका शिक्षक र समग्र अपाङ्गता भएका समुदायको लागि पनि विभिन्न खालका कार्यक्रमहरू ल्याईएको मैले बजेटको कार्यक्रम पढ्दाखेरि देखें। ती कार्यक्रमहरू समग्रमा राम्रै देखिन्छन्। खास गरीकन अपाङ्गता भएका शिक्षकहरूलाई शिक्षण सिप विकास सम्बन्धी तालिमहरू सञ्चालन गर्ने, विशेष विद्यालय र स्रोत विद्यालयहरूमा तालिमहरू सञ्चालन गर्ने र अपाङ्गता भएका बालबालिकाहरूको प्रारम्भिक पहिचान गर्ने भनेर राम्रा खालका कार्यक्रमहरू पनि राखिएको देखिन्छ। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत करिअर काउन्सिलिङ्ग, जो माननीय मन्त्रीज्यूले असाध्यै ब्राण्डिङ्ग गरिराखुभएको छ- करिअर काउन्सिलिङ्ग चाहिन्छ भनेर, यो आफैंमा राम्रो कार्यक्रम त हो तर करिअर काउन्सिलिङ्गको बारेमा विशेष गाइडलाइनहरू नबनाईकन, कार्यविधिहरू नबनाईकन, यसलाई चाहिँ अलिकति ध्यान नदिईकन कार्यान्वयन गर्न जाने हो भनेदेखि यसको दुरूपयोग हुन सक्ने प्रशस्त सम्भावनाहरू देखिन्छन्। त्यसर्थ, माननीय मन्त्रीज्यूको विशेष ध्यानकर्षण गराउन चाहन्छु। त्यसै गरीकन विद्यालय बाहिर अहिले पनि नेपालका सार्वजनिक विद्यालयहरू भन्दा सार्वजनिक विद्यालयमा भर्ना हुन पनि नआएका र विद्यालय छोडेर, विद्यालय बाहिर रहेका ७% भन्दा

बढी किशोर किशोरी तथा युवाहरू छन्।बजेट सरसर्ती पढ्दाखेरि बजेटले त्यसलाई छोएको देखिँदैन।केही मन्त्रालयहरूभित्र केही दाताहरूले दिएका केही १/२ वटा परियोजनाहरू छन्। त्यस सम्बन्धी काम गर्ने तर नेपाल सरकारले यति धेरै युवा, किशोर, किशोरीहरूलाई एड्रेस गर्ने गरेर खासै कार्यक्रम ल्याएको देखिँदैन।त्यसैगरीकन शिक्षा मन्त्रालयअन्तर्गत शिक्षाको गुणस्तर सुधारका सन्दर्भमा खासै ठोस कार्यक्रमहरू भएका पनि देखिँदैनन्।हामीले अस्ति भर्खर एसईईको रिजल्ट देख्यौं। जम्मा ४८% विद्यार्थीहरू पास भएका छन्। र कैयौं विद्यालयहरूमा त एक जना विद्यार्थी पनि पास नभएको पनि देखिएको छ। यस्तो खालको शैक्षिक गुणस्तरले हामी कहाँ पुगौंला ? यो सन्दर्भमा पनि म माननीय मन्त्रीज्यूलाई मनन गर्नको लागि अनुरोध गर्न चाहन्छु। र समग्रमा मलाई एउटा राम्रो पक्ष चाहिँ के पनि लाग्यो भने माननीय मन्त्रीज्यूलाई राम्रो काम पनि भनौं। यो वर्षको शिक्षा मन्त्रालयको बजेट पुस्तक चाहिँ असाध्यै मेहनत गरेर बनाएको देखें मैले।यसमा शिक्षा क्षेत्रसँग सम्बन्धित प्राय सबै खालका सूचनाहरू अगाडिदेखि पछाडिसम्म, नीति देखि लिएर, संवैधानिक व्यवस्था देखि लिएर, नेपाल सरकारका नीतिदेखि लिएर, यो वर्षका कार्यक्रमदेखि लिएर सबै खालका एसडीजीमा भएका व्यवस्थादेखि लिएर, ती सबै कुरा राखेर यो पुस्तक चाहिँ निकालिएको छ। यो असाध्यै राम्रो भएको कुरा म चाहिँ जानकारी गराउन चाहन्छु।

र अन्त्यमा म अपाङ्गता भएका समुदाय र अल्पसङ्ख्यक समुदायको क्षेत्रबाट संसदमा प्रतिनिधित्व गर्ने भएको हुनाले म महिला, बालबालिका तथा ज्यष्ठ नागरिक मन्त्रालयको यो दिन नपरेको भए तापनि थोरै म यसमा पनि केही विश्लेषण गर्न चाहन्छु। अचम्म लाग्दो कुरा के छ भने सम्माननीय अध्यक्ष महोदय, माननीय महिला, बालबालिका तथा ज्यष्ठ नागरिक मन्त्रीज्यूले प्रस्ताव गर्नुभएका विभिन्न कार्यक्रमहरूमा कम्तीमा ५० हजार रुपैयाँसम्मका पनि कार्यक्रम प्रस्तुत गरिएको, संघीय मन्त्रालयबाट प्रस्तुत गरिएको कार्यक्रम जम्मा रु. ५० हजार रुपैयाँ पनि प्रस्तुत गरिएको छ। त्यो भन्दा पनि रोचक लाग्दो विषय त के छ भने सुनसरी जिल्लामा मात्रै मन्त्रालयका दुईवटा कार्यक्रम अन्तर्गतका मेजोरिटी अफ द कार्यक्रमहरू चाहिँ, धेरैजसो कार्यक्रमहरू सुनसरी जिल्लामा मात्र प्रस्तुत गरिएका छन्।हामीले पहिलेदेखि भन्दै आएका के छौं भने एउटा मन्त्री भनेको यो देशको देशैभरिको मन्त्री हुने हो, देशैभरिलाई प्रतिनिधित्व गर्नुपर्छ।तर अहिलेको परिस्थितिमा चाहिँ यो देशमा सबैभन्दा डराएको, सबैभन्दा अप्ठ्यारो मानेको, सबैभन्दा अलि झर्रा शब्दमा भन्ने हो भने अलि लोभी भएको मन्त्रीहरू नै देखिनुभएको छ। भएभरका बजेट जति आफ्नै निर्वाचन क्षेत्रमा यदि केन्द्रित गर्ने हो भने मुगुका हुम्लाका देखि सोलुखुम्बु लगायतका जनताहरूले कसरी बजेटमा चाहिँ

पहुँच राख्ने हो? यो विषयमा पनि मन्त्रीज्यूहरूले, सम्माननीय प्रधानमन्त्रीज्यूले चाहिँ विशेष ध्यान दिनु चाहिँ आवश्यकता देखिन्छ। अपाङ्गता सशक्तीकरण र पुनर्स्थापना अन्तर्गत छुट्याएका बजेट बिना कुनै मापदण्ड, बिना कुनै पर्वाह अलि खुला रूपमा भन्ने हो भनेदेखि त बाहिर हल्ला त के छ भने राजनीतिक पूर्वाग्रह राखेर, त्यस्तै त्यस्तै संस्थाहरूमा बजेटहरू विनियोजन गरेको सम्म कुराहरू आएको छ। अब यस्तो प्रक्रियाबाट हामीले बजेटको विनियोजन गर्दै जाने हो भनेदेखि म सानै छँदा तपाईंहरू त धेरै राजनीतिमा खारिसक्नुभएको थियो होला। खास गरेर ०५०/५१ सालतिर देखि म अलि नजिकबाट राजनीतिलाई नियाल्न सक्छु। त्यतिखेर जस्तो खालको राजनीतिक, राजनीतिमा जस्तो खालको चाहिँ अनियमितता, कुशासनका अभ्यासहरू हुने गर्थे। आज ३० वर्ष पछाडि पनि त्यतिखेर युवा भएका राजनीतिज्ञहरूले अहिले गरेको राजनीतिक अभ्यास पनि फेरि त्यस्तै खालका, त्यसरी नै डाडु पन्यू चलाउने खालका चाहिँ अभ्यासहरू गर्यौं भने हामीले देशलाई अग्रपङ्क्तिमा लैजानको लागि, समृद्धिमा लैजानको लागि, समुन्नत नेपाल बनाउनको लागि हामीलाई ज्यादै अप्ठ्यारो पर्ने छ। म यत्ति कुरा राखेर मेरो आफ्नो भनाइ चाहिँ यहीँ अन्त्य गर्न चाहन्छु। हस्त, धन्यवाद।

(१३:४८ बजे)<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, अब म खर्च कटौती प्रस्तावको प्रस्तावक माननीय सदस्य आनन्द प्रसाद ढुंगानालाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजको लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु। समय १५ मिनेट।

(१३:४९ बजे)<u>माननीय श्री आनन्द प्रसाद ढुंगाना (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, खर्च कटौतीको प्रस्ताव राख्नुभन्दा पहिले म अध्यक्ष महोदयमार्फत यो देशमा जुन भेल, वर्षाबाट देशभरि नै जुन धनजनको क्षति भएको छ। जनताहरूको ज्यान असुरक्षित भएको छ। व्यक्तिहरू घरमा बस्न पाएका छैनन्। त्यस्ता व्यक्तिका बारेमा आपतविपतको बेला नेपाल सरकारका गृहमन्त्रीज्यू कहाँ हुनुहुन्छ ? हामीले खोज्नुपर्ने अवस्था आयो। कमसेकम सदनमा, सदन चलेको बेलामा, सदनमा वहाँले जानकारी दिनुपर्थ्यो। त्यसर्थ नदिनुभएकोमा म दुःख प्रकट गर्न चाहन्छु। म के भन्न चाहन्छु भने यो परिस्थितिमा देशलाई यसरी हामीले सदन चलेको बेलामा, संसदमा जनताको अवस्था, देशको अवस्थाका बारेमा हामीले जानकारी दिएनौं भने देखि यो संसद अनभिज्ञ हुन्छ। र यसले संसदप्रति जिम्मेवार नभएको यो सरकार बुझिन्छ। तसर्थ म अध्यक्ष

महोदय, अध्यक्ष महोदयमार्फत सरकारलाई अहिले जुन क्षति भएको छ देशभरिमा। पहिरोले, बाढीले जो क्षति भएको छ त्यसको जानकारी सदनलाई देइयोस् यो म आग्रह गर्न चाहन्छु।

अब म छोटकरीमा कृषिको खर्च कटौतीको प्रस्तावमा म आफ्ना कुराहरू राख्न चाहन्छु। अध्यक्ष महोदय, कृषि भनेको नेपालको मेरुदण्ड हो। हामी केटाकेटीमा दुईटा कुरा पढ्दाखेरि बडो रट्थ्यौं, बडो याद गर्थ्यौं - हरियो वन, नेपालको धन र कृषिप्रधान देश। आज न हरियो वन, नेपालको धन बन्न सकेको छ। न कृषिप्रधान देश बन्न सकेको छ। जबसम्म मलाई लाग्छ कृषिलाई प्रायोरिटीमा राखिँदैन, कृषिलाई व्यवसायी करण गरिँदैन। जबसम्म कृषिलाई तपाईंको चैने गएर आधुनिकीकरण गरिंदैन, agro-based इण्डस्ट्रीहरू चलाइदैन तबसम्म मलाई लाग्छ यो देशको गरिबी उन्मूलन सम्भव छैन। हामीले गरिबी उन्मूलनको कुरा बडो गर्छौं, सुदृढ नेपालको कुरा त बडो गर्छौं, समृद्ध नेपालको कुरा त बडो गर्छौं, सुखी नेपालीको कुरा त बडो गर्छौं। तर कहाँबाट सुख पाइन्छ, के ले सुख पाउँछन् नेपाली जनताले? त्यसलाई हामीले बुझेका चैनौं। हिजोसम्म हामी भन्ने गर्थ्यौं- उत्तम खेती, मध्यम व्यापार, निर्धन चाकरी। उत्तम खेती भनेको सबभन्दा उत्तम चाइने गएर कुरा हो भनेर। अनि व्यापार भनेको सेकेण्ड हो। थर्डमा तपाईंको चैने चाकरी, नोकरी भनेर भन्छ। अब अहिले के भएको छ भने नोकरी नै प्रथम भएको छ। कृषि त अन्तमा पुगेको छ। किनभने, सरकारले सही ढङ्गबाट यो देशको वस्तुस्थिति, नेपाली जनताको अवस्था, नेपालको परिस्थितिको जानकारी छैन भनेर भन्न चाहन्नँ म, बुझ्नुहुन्न भनेर भन्न चाहन्नँ। तर त्यसप्रति जिम्मेवारी भएको म देख्दिनँ। त्यसैले म के भन्न चाहन्छु भने जबसम्म हामी भन्दाखेरि भन्छौं- ३० लाख, ४० लाख मान्छे विदेशमा गए, किन गए? के का लागि गए? के उनको रहर छ घर परिवारलाई छोडेर चाहिँ विदेशमा जाने? के उनलाई रहर छ ५० डिग्रीको गर्मीमा गएर चाहिँ काम गर्ने? उनलाई आफ्नो बालबच्चासँग बस्ने चाइने अधिकार छैन? उनलाई आफ्नो बालबच्चाको माया छैन? छ त। तर हामीले समुचित विकास गर्न नसकेको, समुचित व्यवस्थापन गर्न नसकेको, समुचित व्यवस्थापनको परिधि नेपालभित्रै उद्योगधन्दाहरू चलाउन नसकेको। आज हेर्नुस् त-Agro-based इन्डस्ट्रिअल जुट मिल विराटनगरको खै, चिनि कारखाना, खै? कपडा उद्योग, खै आज चाइने गएर पेपर मिल? खै आज सिमेन्ट कारखानाको हालत हेर्नुस्। शिवम् सिमेन्ट त्यही हेटौंडामा खुब चल्छ। तर हेटौंडा सिमेन्टको उद्योग चाहिँ बन्द अवस्थामा छ। यो परिस्थितिमा कसरी पुग्यो? हामी गैरजिम्मेवार भएकै त हो नि। यस कुरामा हामीले स्वीकार गर्ने कि नगर्ने? कृषिमा सोचौं त-किसानले गाईवस्तु पालेर, दुःख गरेर, घाँस काटेर ख्वाएको दानाबाट दुध दुहेर पुर्याउँछ चाहिँ

सहकारीमा, पुर्याउँछ डिडिसीमा। तर त्यो किसानहरूलाई के भनिन्छ भने हामी अहिले यति पैसा दिन्छौं भनेर। उसले मेहनत गरेको पैसा पनि हामी दिन तयार चैनौं।उसको मेहनत मात्र दिन पनि हामी तयार छैनौं।उसले डेली चाहिँ बालबच्चालाई चाहिँ पढाउनुपर्छ कि पर्दैन? उसले डेली खानुपर्छ कि पर्दैन? त्यो हामीले सोंचेको छौं कि चैनौं? चैनौं।हामीले त्यो सोचेका चैनौं। हामीले के सोचेका छौं भने आन्दोलन गर्यो, दे डण्डा चार्ज, राख्छ अनि लगेर प्रहरीको भ्यानमा, लैजा यलाई लगेर थुन्दे।त्यही हो? उखु किसानहरू यहाँ आएर महिनौं धर्ना, अनशनमा बस्छन्। तर सरकार कानमा तेल हालेर देखाउँछ म चाइने गएर किसानहरूसँग वार्ता गर्छु भनेर। तर के त्यो उखु किसानको पैसा पेमेण्ट हुन्छ? चिनी मिल नचलेका हैनन्। एउटा राम नगरको चिनी मिल खोल्ने व्यापारीलाई म राम्रो गरेर चिन्छु। राम नगरवाला उसले अर्को चाहिँ सिरहामा चिनी मल खोलिसक्यो।एउटा चिनी मलाबाट चारवटा चिनी मल बनाइसक्यो।तर नेपाल सरकारले चलाएको चिनी मिल, चीन सरकारले दिएको अनुदानको चिनी मिल हाम्रो बन्द हुन्छ? किन के कारणले बन्द हुन्छ। हामी किन सजग हुँदैनौं? आज चिनी कारखानाको जग्गाहरू वीरगंजमा हेर्नुस् अरूले जोतेर खाइरहेको छ। हामी त्यसप्रति जिम्मेवार छैनौं।त्यसैले यी सबै कुराहरूलाई मैले बुझेर जुन यसपालि तपाईंको कृषि मन्त्रालयको चाइने जुन बजेट आएको छ, त्यो बजेटमा मेरो असन्तुष्टि छ। त्यो बजेटमा जुन किसिमले सरकारले चाहिँ प्रस्तुत गरेको छ, त्यसमा असन्तुष्ट छु।१ लाख रुपैयाँ कृषिलाई प्रायोरिटी १० वर्षसम्ममा हामी यहाँ पुर्याउँछौं, यसो गर्छौं भनेर लेखिएको छ बजेटमा।तर १ अर्ब रुपैयाँ हामीले कटौती गर्या छौं बजेटमा।यही हो कृषिलाई अगाडि लैजाने अनि व्यवसायीकरण गर्ने? अनि कृषकलाई चैने गएर मल, बीउ दिन्छु भन्नुहुन्छ। म हिजो सुनिरहेको थिएँ, एफएममा।मलबीउ कृषि मन्त्रालयको प्रवक्ताले बोलिलराखेका थिए।हामीसँग मल थुप्रो छ। हामीसँग पोटास थुप्रो छ, भनिराखेका थिए।तर सहकारीले लगिराख्या छैन।किन लगिराख्याछैन? उसले जति जनतालाई दिनुपर्ने हो तोकेको मल, जनताको जति माग छ, डिमाण्ड छ, त्यो चाइने गएर, त्यो सरकारले पुर्याउन सक्ने अवस्था छैन।त्यसैले उसले लैजाँदैन।तपाईं कम दिनुहुन्छ।५० बोराको डिमाण्ड छ।तपाईं दिनुहुन्छ २० बोरा। अनि त्यसले कुटाइ खाने? तपाईंको मल हामीले चैने गएर दिउँ भनेर भन्ने । अनि उ ले कुटाइ खाने? किसानसँग। त्यसैले हाम्रो भनाइ के हो भने खाली भनेर हुँदैन।विज्ञप्ति निकालेर हुँदैन। कृषि मन्त्रालयको प्रवक्ताले बोलेर हुँदैन।किसानले पाउनुपर्छ। अहिले तपाईंको चैने गएर धान दिवस मनाउँछौं। नेताहरू पनि बडो खुसीका साथ गाडी चढेर जानुहुन्छ खेतको आलीसम्म। मन्त्रीज्यूहरू पनि झण्डा हल्लाउँदै पुग्नुहुन्छ। त्यो किसान बिचरा। मल, खाद सिँचाइको लागि भौंतारिएर हिँड्छ। १ दिन त उसले दही, चिउरा खान्छ। त अर्को दिन उ चैने

गएर मलखाद खोज्दै हिंड्छ। सिँचाइ छैन। आज यत्रो वर्ष भयो। सिँचाइको कुरा सधैं हामीले गर्यौं। कति हेक्टर जग्गा सिँचाइभित्र हामीले पार्न सकेका छौं? हामीसँग आयोजना छ। योजना र आयोजना बनेको ४० वर्ष भयो। तर कमाण्ड एरियामा हामीले पानी पुर्‍याउन सकेका छौं? आज वागमती हेर्नुस्। आज कोशी हेर्नुस्। कोशीमा तपाईंको चैने गएर पम्पका इनार छ। चन्द्रनहर हेर्नुस्। अहिले हामीले सुनकोशी मरिन डाइभर्सन यो राम्रो कुरा हो। राम्रो काम गरेका छौं। सुनकोशी मरिन डाइभर्सन जस्तै यदि हामीले सुनकोशी कमला डाईभर्सन हामीले बनाउन सक्यौं भनेदेखि मलाई के लाग्छ भनेदेखि हामी अन्नको भण्डार भन्छौं- सप्तरी देखि पर्सासम्म मधेशलाई। यो अन्नको भण्डार हो भन्छौं। त्यो अन्नको भण्डार सिँचाइको रूपमा आउनसक्छ। हिजो जुन अवस्था हाम्रो थियो कृषिमा। त्यो अवस्था फर्कन सक्छ। तर हामी त्यतातिर सोच्दैनौं। हाम्रो ध्यान त्यता छैन।

मलाई एकदम याद छ। म केटाकेटी हुँदा आफ्नो गाउँमा बस्दै गर्दा इण्डियाका, भारतका कद्‌ह्वाईका मानिसहरू हामीकहाँ धान किन्न आउँथे। १० गाढा, २० गाढा, २५ गाढा, धान किनेर उनीहरू लैजान्थे। आज के छ? आज हामी अर्बौं रुपैयाँको धान, चामल निर्यात गर्छौं। आज हाम्रो अवस्था त्यो छ। मलाई याद छ- हाम्रो बोर्डरमा ईण्डियाका मान्छेलाई मुगलानिया भन्थे। नेपालका मान्छेलाई सरहदिया भन्थे। हिजो मुगलानियाँहरू हामीकहाँ कमाउँथ्यो। हामीकहाँ मजदुरी गर्थ्यो। हामीकहाँ काम गर्थ्यो। आज हामी सरहदियाहरू पंजाब, हरियाणा, दिल्ली र चाहिँ उत्तराखण्डमा काम गर्न जान्छौं। आज हामी उसको वैया बनेका छौं। हिजो उ हाम्रो वैया थियो। आज हामी उसको वैया बनेका छौं। के कारणबाट, कसरी, किन? त्यही भएर के हो भन्देखिन् हामीले उचित रूपमा यो देशमा किसानका लागि गरिबी निवारण कोष छ, एउटा यो ज्ञानेश्वरमा। ठुलो भवन छ। पैसा पनि विदेशबाट थुप्रो आउँछ क्यारे। मलाई थाहा छैन, मलाई जानकारी छैन। तर विद्याधर मल्लिकजी, पूर्व अर्थ सचिव त्यसको डाइरेक्टर बन्नुभयो। अनि एकदिन, उहाँसँग परिचय थियो। हाम्रै जिल्लातिरको मान्छे हुनुहुन्छ वहाँ। म गएँ । मैले भनें। तपाईं यो एनजीओ, आईएनजीओलाई दिनुहुन्छ। अब १ करोड रुपैयाँ दिनुभयो भने गाउँमा पुग्दै गर्दा १० हजार रुपैयाँ पुग्छ। कृषि विकास बैंक छँदै छ नि। गाउँ अवस्थासम्म उसको म्यानपावरहरू छ। कृषि विकास बैंकमार्फत तपाईं चैने गएर फलो गर्नुस् न यो पैसालाई। किन एनजीओ, आईएनजीओको नाउँमा मान्छेले चाहिँ खाइरहेका छन्। यस्तो काम नगर्नोसन भन्दाखेरि मलाई के भन्नुभयो थाहा छ- म सक्तिनँ, किन सक्तिनँ भने माननीज्यूले बुझिहाल्नुस् किन सक्तिनँ। त्यो कारण छ। किनभने आईएनजीओ, एनजीओहरूलाई यो देशमा तपाईंले बन्द गर्न खोज्नुभयो भने तपाईंलाई

बाँच्न दिँदैन। अस्ति सुनिहाल्नुभयो नि । तपाईंको राज्यव्यवस्था समितिमा। एनजीओ, आईएनजीओको चाहिँ गएर खाजा खाने मान्छे हामी भयौं। हिजो हामीले भोकै यो देशमा लोकतन्त्र, प्रजातन्त्रका लागि लडेका थियौं। हामीले आफ्नो ज्यानको आहूति दिन तयार भएका थियौं। आज हामी अर्काको आश्रयमा बस्नुपर्ने अवस्था सिर्जना भएको छ। किनभने हामीले हाम्रो भिजन भएन।

त्यसैले म के भन्न चाहन्छु भने अहिले मैले खर्च कटौतीको प्रस्ताव राख्दै गर्दा मैले भनेको छु। अब के भन्छन्- इन्धन पदाधिकारीको लागि, इन्धन कार्यालयको लागि। त्यो कार्यालयमा बस्ने पदाधिकारी चढ्दो हो नि त्यो गाडीमा। अनि पदाधिकारीको लागि पनि इन्धन चाहियो रे। अनि कार्यालयको लागि पनि इन्धन चाहियो रे। त्यसैले मैले खर्च कटौती राष्ट्रियसभा नियमावलीको अनुसार अब म राष्ट्रियसभा नियमावली बमोजिम कृषि विनियोजन रकममा जो ८१ को मा गएर १ रुपैयाँ खर्च कटौतीको प्रस्ताव मैले पेस गरेको छु, अध्यक्ष महोदय। अनि अर्को म के भन्न चाहन्छु भने – यत्रो ठुलो बजेट हामीले ल्यायौं । बजेटमा हामीले बोल्दै गर्दा हामीले चैने गएर राष्ट्रपतिज्यूले कार्यक्रममा बोल्दै गर्दा समानुपातिक समावेशी र व्यवस्थित ढङ्गबाट समान रूपमा बजेटको वितरण हुन्छ भनेर भनेको छ। हामीले सल्लाह पनि त्यही दियौं। सरकारले ल्यायो समानुपातिक गर्छु भनेर। हामीले सल्लाह पनि त्यही दियौं। तर भयो के? आज सुनिराखेको छु २/३ दिनदेखि। कर्णालीको १० जिल्लामा ७ अरब। झापाको एउटा जिल्लामा ८ अरब। मैले प्रतिनिधिसभामा माननीयज्यूहरूले धनुषा, धनुषा, धनुषा बोलिरहनुभएको थियो। अनि मैले बजेट हेरें। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको। धनुषा भनेपछि त हाम्रो जिल्ला त चारैपट्टि रोड पुग्ने भयो होला। सबै पुल बन्यो होला। सबैथोक भईसक्ला भनेर हेरेको त धनुषाको ३ नम्बर र ४ नम्बरमा मात्र बजेट रहेछ। अनि त बदनाम को भयो भने हामी पनि बदनाम भयौं धनुषा, धनुषा भनेर। कुरा के हो भन्देखि हामीले सोचेका थिएनौं, हामी सोंच्दैनौं- हो बजेटमा एउटा कुरा त बुझ्नुस्- कहिलेकाहीं मन्त्रीले बजेट आफ्नो क्षेत्रमा बढी हाल्दो हो। हालेको होला। तर समग्र रूपमा, एकैपल्ट, एकतर्फ गरेको, मलाई म पनि ०४८ सालदेखि सदनमा छु, ०४८ सालदेखि मैले सदनमा मैले भाग लिएको छु। तर यस किसिमको विनियोजन विधेयक मैले देखेको थिइनँ। सिद्धियो। बोल्नपर्ने थुप्रो थियो।.....(समय सकिएको)।

(१४:०४ बजे)<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, आजका लागि निर्धारित मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको नाम दलीय

आधारमा प्राप्त हुन आएको छ।अब म माननीय सदस्यहरूलाई क्रमशः समय दिन्छु। सर्वप्रथम, माननीय सदस्य झक्कु प्रसाद सुवेदी।समय ११ मिनेट।

(१४:०५ बजे)<u>माननीय श्री झक्कु प्रसाद सुवेदी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, मैले पञ्चायत कालदेखि सुन्ने गरेको छु।पञ्चायतमा मात्र हैन, बहुदल आइसकेपछि पनि यो बजेटको बारेमा प्रतिपक्षले सधैं १ रुपैयाँ खर्च घटाउने विषय राख्ने गर्छ प्रत्येक साल। मैले थाहा पाउने भएदेखि यही कुरा सुनिराखेको छु। मलाई आज नयाँ कुरा गर्न मन लाग्यो।माननीयज्यूले भन्नुभयो कि कृषिमा बजेट कम छ।१ रुपैयाँ खर्च कटौती गरियोस्, त्यो होइन।अबदेखि, अर्को वर्षदेखि कृषिमा बजेट कम भयो १ खर्ब बजेट बढाइयोस् भनेर राख्नुपर्यो।जसरी पनि बजेटको विरोध हो। १ रुपैयाँ किन घटाउने? आफैं भनिराख्ने हामीले कृषिमा बजेट कम छ। अनि कृषिमा १ रुपैयाँ घटाइयोस्। कृषिमा १ रुपैयाँ बढाइयोस् भनेर आगामी दिनमा राख्दा राम्रो हुन्छ भन्ने लाग्छ मलाई।

अध्यक्ष महोदय, हामीले मन्त्रीहरूसँग, मन्त्रीहरूलाई सुनाउने हो, मन्त्रीज्यूहरूलाई। हिजो अस्ति यहाँ सांसदहरू बोल्दा मन्त्रीज्यूहरूको उपस्थिति यहाँ राम्रै थियो।आज २ जना हुनुहुन्छ । मलाई जसलाई सुनाउन मन लाग्या थ्यो, वहाँहरू आज उपस्थित हुनुहुन्न।तैपनि आफ्ना धारणाहरू म यहाँ राख्न चाहन्छु। विनियोजनका विभिन्न शीर्षकमाथि विगत ३ देखि यहाँ छलफल भईराखेको छ।म यहाँ के राख्न चाहन्छु भने भर्खरै माननीयज्यूले पनि राख्नुभयो। युवाहरू देश खाली गरेर बाध्यतावश विदेश पलायन भएका छन् । उनीहरू इच्छाले खाडी राष्ट्रमा गएका हैनन्। बाध्यतावश वैदेशिक रोजगारीमा जानपर्ने भएकोले ती विदेश जाने युवाहरूलाई सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी जनस्तरमा एउटा अभिमुखीकरण तालिम दिनुपर्छ। कि त रोक्न सक्नुपर्यो।यहाँ रोजगारीको व्यवस्था गर्न सक्नपर्यो।जहिलेसम्म रोजगारीको व्यवस्था गर्न सकिन्न, तबसम्म एउटा अभिमुखीकरण कार्यक्रम, जसरी शिक्षामा दिइन्छ, विकासमा दिइन्छ। त्यसैगरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्छ। त्यो कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्छ। त्यो बजेटमा पनि छ त्यहाँ।मैले हेरें बजेटमा पनि छ। तर बजेट असाध्यै न्यून छ। यो विषय विहङ्गम छ।यसको लागि बजेटको उचित विनियोजन भएको छैन।मुख्य कुरामा बजेटको विनियोजन गर्न देख्छु।

साथै वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई सिप, तालिम, रोजगारी र उद्यमशीलता सहयोग कार्यक्रम भनेर त्यो पनि छ विनियोजन विधेयकमा। तर त्यो प्रभावकारी बनाउनुपर्छ। मेरो

यो सुझाव हो।यो मुख्य विषय हो भन्ने लाग्छ। त्यसैगरी कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको बारेमा म त के भन्न चाहन्छु भने यो कृषि तथा पशुपंक्षी विकास मन्त्रालय हैन। कृषि, पशुपंक्षी विकास तथा सिँचाइ मन्त्रालय बनाउनुपर्छ। कृषि र सिँचाइको अन्योन्याश्रित सम्बन्ध छ। सिँचाइ अर्को ठाउँमा छ। ऊर्जासँग सिँचाइ छ, सिँचाइ कृषिसँग सम्बन्धित विषय हो।यदि साँच्चै उत्पादन वृद्धि गर्ने र उत्पादकत्व बढाउने हो भने सबभन्दा पहिले माटोमा भएको अम्लीयपन घटाउनुपर्छ। मन्त्रीज्यू चीनमा त पुग्नुभएको छ होला। मैले चीनमा गएर सिकेको सबभन्दा मुख्य विषय के हो भने चाइनिजहरूले हामीलाई त्यसमा तालिम दिए। धेरै वर्ष अगाडि। कृषि उत्पादन बढाउनको लागि र उत्पादकत्व बढाउनको लागि १ नम्बरमा माटोको अम्लीयपन घटाउनुपर्छ। त्यतातिर हाम्रो ध्यान छ जस्तो मलाई लाग्दैन। हामी उत्पादन बढाउने, उत्पादकत्व बढाउने, रोजगारी दिने भन्छौं। तर त्यो कसरी दिने भन्ने कुरा थाहा पाउनुपर्छ। अहिले मैले सुन्छु- जान्नेलाई छान्ने।पहिले हामीले के बुझेका थियौं भने मन्त्रीको काम, मेयरको काम, जिल्ला सभापतिहरूको काम, मुख्य मन्त्रीहरूको काम मूलभूत रूपमा नीतिगत काम हो, नीति बनाउने काम हो।तिनीहरू नीति निर्माता नीति बनाउनुपर्छ। त्यसमाथि कर्मचारीमार्फत लागू गर्ने।तर त्यस्तो रहेनछ। अहिले हामी सुन्छौं नि जान्नेलाई छान्ने भन्ने।अब हामी सबै जान्ने हुनपर्ने।तर सबै विषय जान्ने हुनपर्ने हामी। त्यसकारणले गर्दा माटोको अम्लीयपन घटाएर मात्रै हामीले उत्पादनमा वृद्धि गर्न सक्छौं।त्यसको लागि प्राङ्गारिक खेतीमा हामीले जोड दिनुपर्छ। हामी त कृषिलाई मतलबै गरेका चैनौं। अहिले बजेटमा छ। विनियोजन बजेटमा देखिन्छ। कृषिलाई प्राथमिकता दिएको। तर त्यतिले पुग्दैन।०८१ देखि ०९१ सम्मको अवधिलाई कृषि लगानी दशक भनेर घोषणा गरिएको छ। यो कुरा सही छ र ठीक तरिकाले कार्यान्वयनमा ल्याउनुपर्छ। कृषिको व्यवसायीकरण र आधुनिकीकरणबाट मात्र कृषि उत्पादन र कृषिमा उत्पादकत्व वृद्धि हुन्छ। कृषि उपजको विशेष क्षेत्र घोषणा गर्ने मात्र होइन। कृषि मन्त्रालयको ठुलो शक्ति त्यहाँ केन्द्रित गर्नुपर्छ । र कृषिमा पर्याप्त बजेट विनियोजनको थोरै कमी छ।कृषिबाली, फलफूल, तरकारी, पशुपंक्षी पालन र माछा पालनको नमुना कार्यक्रमको लागि पर्याप्त बजेट विनियोजन गर्नुपर्ने हुन्छ। नमुना कार्यक्रम, बजेट छरेर हुँदैन। त्यसको साथसाथै उन्नत बीउ उत्पादन गर्नेलाई अनुदानको व्यवस्था गर्नुपर्छ।

मैले पहिले भनिसकें- सिँचाइ कृषिसँग जोडिएको विषय भएकोले सिँचाइलाई महत्त्व दिएर जानुपर्छ। त्यसैगरी शिक्षा, शिक्षाको बारेमा प्रतिनिधिसभामा धेरै बहस भएको छ। म पनि केही विषय राख्न चाहन्छु। पहिलो कुरा त शिक्षकलाई तालिम दिइनुपर्छ। त्यो तालिम दिने बजेट

विनियोजन गरेको देखिन्न। त्यहाँ मैले हेरेँ शिक्षाको अरू सबै छ, तालिम दिने भन्ने छैन। शिक्षकलाई तालिम दिनुपर्छ। अहिले ५०% विद्यालयमा, नेपालका ५०% सामुदायिक विद्यालयमा १०० भन्दा कम विद्यार्थी छन्। पहिले शिक्षक पुरुष मात्रै हुन्थे।शिक्षिका हुँदैनथे। अहिले आधारभूत विद्यालयमा १ देखि ८ सम्म पुरुष र महिला एक प्रकारले बराबर छन् त्यहाँ। जति शिक्षक छन्, शिक्षिका पनि त्यति छन्। करीब ५०/५०% छ। तर माविमा जाँदा पुरुषहरू ८०% भन्दा बढी छन्, महिलाहरू २०% पनि छैनन्।त्यसैगरी सरकारी स्कुलमा पढ्ने विद्यार्थी ७०% छन् भने प्राईभेटमा ३०% छन्। ३०% भनेको धेरै हो।निजी स्कुलहरूमा ३०% विद्यार्थीले पढ्ने भनेको त्यो धेरै हो। त्यो घटाउनुपर्छ। त्यो घटाउनको लागि म शिक्षा मन्त्रीज्यूलाई म आग्रह गर्न चाहन्छु सम्माननीय अध्यक्षज्यूमार्फत।

रूपन्देही जिल्लाको बुटवलमा एउटा विद्यालय छ।जुन विद्यालयमा ८००० भन्दा बढी विद्यार्थी छन् बुटवलमा।त्यो विद्यालयबाट शिक्षक ल्याएर अरूलाई तालिम दिनुपर्छ। त्यो विद्यालय सबैभन्दा राम्रो विद्यालय छ। निजी विद्यालयहरूभन्दा पनि धेरै राम्रो विद्यालय, धेरै विद्यार्थी पास गर्ने। त्यस्तो प्रकारको विद्यालयका शिक्षकहरूलाई ल्याएर तालिम दिने व्यवस्था गर्नुपर्छ। अहिले तालिम कोबाट दिइन्छ भने विज्ञहरूबाट। अनि मैले भनिहालेँ जान्नेबाट।उसको अनुभव छैन, केही छैन, किताब पढेको छ, त्यसको आधारमा मात्र तालिम लिएर पुग्दैन।कक्षा १० पछिको २ महिने जीवनोपयोगी शिक्षा सञ्चालन कार्यक्रम भन्ने छ त्यो एकदम सही छ।तर त्यसको लागि बजेटै छैन। त्यो शीर्षक छ। १० कक्षा पढिसकेपछि, एसईई दिइसकेपछि २ महिनासम्म जीवनोपयोगी शिक्षा सञ्चालन कार्यक्रम भनेर राखिएको छ। तर त्यहाँ बजेट छैन। शिक्षामा अरू पनि नयाँ कार्यक्रम छन्। जसरी पहिले पढ्दै, कमाउँदै भन्ने थियो।अहिले त्यो पढ्दै, कमाउँदै कमाउँदै, पढ्दै भन्ने कार्यक्रम आएको छ। तर कार्यक्रमहरू राम्रो ल्याउने तर बजेट नराख्ने त्यसमा। कार्यक्रमको साथमा बजेट पनि हुन जरुरी देख्छु मैले। अहिले २४ जिल्लामा साक्षरता अभियान सञ्चालन गर्ने र साक्षर नेपाल घोषणा गर्ने भन्ने छ त्यसमा बजेट त छुट्याएको छ। तर ७०% महिलाहरू साक्षर भएका छन्। अझ ३०% महिला साक्षर छैनन्। साक्षर को छैन भने हाम्रा आमाहरू हुनुहुन्न।हाम्रा आमाहरूलाई यसले साक्षर गर्ने सम्भावना पनि छैन। यदि.....(समय सकिएको)

<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य भगवती न्यौपाने।समय १० मिनेट।यसपछि माननीय सदस्य मोहम्मद खालीद।

(१४:१६ बजे)<u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्षज्यू, म सत्ता पक्षको सांसद हुँ। त्यसैले यो बजेटको समर्थन गर्दछु। मैले यो बजेट पारित हुँदै गर्दा "हुन्छ" कि "हुन्न"मा म "हुन्छ" भनेर हात उठाउँछु। तर मेरा केही सुझावहरू छन्। केही प्रश्नहरू छन्। हिजो बजेट मन्तव्य राख्दै गर्दा बजेटको पुस्तकमा केही आशा लाग्दा कार्यक्रमहरू पनि थिए। केही नवीन कार्यक्रमहरू पनि थिए। हामीले अर्थमन्त्रीज्यूलाई धन्यवाद दिएको पनि हो। तर आज विनियोजन विधेयक हेर्दै गर्दाखेरि विनियोजन विधेयकमा जसरी बजेट विनियोजन गरिएको छ। हामीले संविधान लेख्यौं।

(१४:०५ बजे)<u>पीठासीन:-</u>माननीय उपाध्यक्ष बिमला घिमिरे ।

<u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- र त्यो संविधानमा नेपाली जनताका हक, अधिकारहरूलाई सुनिश्चित गर्यौं। तर त्यसको एउटा चित्र कोर्यौं -आर्थिक रूपान्तरणको। कस्तो अर्थतन्त्र बनाउने भनेर त्यो संविधानमा उल्लेख गर्यौं। समाजवाद उन्मुख अर्थतन्त्र भनेर भन्यौं। तर आज यो विनियोजन विधेयक हेर्दै गर्दा हामीले समाजवादलाई कहिल्यै भेट्न सकौंला? मेरा प्रश्नहरू छन्। त्यो प्रश्न मैले किन गरिरहेको छु भने- आज नयाँ युग भनेर हामीले भन्दै गर्दा मन्त्रीज्यूहरू तपाईंहरूले कुनै सांसदले योजना पेस गर्नुभयो। अनुहार हेरेर मैले मेरो नजिकको सांसद, मैले चिने जानेको, यति त पास गर्दिहालौं, यति बजेट त छुट्यादिइहालौं भनेर छुटट्याउने गर्नुहुन्छ। need based मा होइन, प्रायोरिटीमा होइन। त्यसैले गर्दाखेरि यो सिस्टम कहिले अन्त्य हुन्छ, कहिले बदलिन्छ। यो प्रश्न हामीले धेरैपटक गरेका छौं। १ लाख बजेटले यो देशलाई हामी समाजवादमा पुर्याउँछौं? हामीले समाजवादलाई भेट्छौं? समाजवादको आधारहरू निर्माण गर्न सक्छौं? सक्दैनौं। अनि हामी देखाउँछौं- रुस र युक्रेनको द्वन्द्वको कारणले गर्दाखेरि अर्थतन्त्र कमजोर भयो, विकास गर्न सकिएन। समृद्ध देश बनाउन सकिएन। रुस र युक्रेनको द्वन्द्वले भनेको हो १ लाख बजेट छुट्याउन भनेर ? इजरायल र प्यालेस्टाइनको द्वन्द्वले भनेको हो ५ लाख बजेट छुट्याउन भनेर? ५० हजार बजेट छुट्याउन भनेर। अनि हाम्रा संविधानमा के कुरा उल्लेख छ? के कुरा लेखेका छौं? संघले कस्तो बजेट विनियोजन गर्ने भनेर लेखेका छौं? संघले चाहिँ एउटा गेम चेञ्जर आयोजनाहरू, जसले धेरै भन्दा धेरै जनताहरूलाई लाभ दिन सक्छ त्यस्ता

बजेटहरू विनियोजन गर्ने भनेर भन्ने संविधानको मक्सद छ। तर हामीले त्यसो गरेका छौं त? चैनौं। त्यसैले गर्दाखेरि आज पनि हामी नयाँ युगमा प्रवेश गर्न सक्छौं भनेर यो बजेट हेर्दै गर्दाखेरि भन्ने ठाउँ छैन।

र म भन्न चाहन्छु। म सुझाव दिन चाहन्छु। अब एउटा निर्वाचन क्षेत्रमा हामीले त्यस्तो नीति बनाऔं। एउटा निर्वाचन क्षेत्रमा संघले कम्तीमा २/३ वटा, बढीमा ४ वटासम्मको योजनाहरूमा चाहिँ बजेट विनियोजन गर्ने गरी त्यस्तो खालको आयोजनाहरू, योजनाहरूमा बजेट विनियोजन गरोस्। एउटा जिल्लामा बढीमा ८ वटासम्मको संघले चाहिँ बजेट विनियोजन गर्ने गरी, त्यो जिल्लाको रूपान्तरण हुने गरी, त्यो निर्वाचन क्षेत्र, त्यो जिल्लाको चाहिँ मुहार बदल्ने गरी धेरैभन्दा धेरै जनतालाई लाभ दिने गरी त्यस्ता आयोजनाहरू मात्रै संघले विनियोजन गरोस्। त्यसका निम्ति बरु निर्वाचन क्षेत्रका संघीय सांसदहरू या आयोजना छनोट गर्ने सांसदहरूले सिफारिस गर्ने जसले भूगोल जानेको हुन्छ। जसले ती विकास थाहा पाएको हुन्छ त्यहाँको कसरी मुहार बदल्न सकिन्छ भन्ने कुरा थाहा पाएको हुन्छ, वहाँ सांसदहरूकै नेतृत्वमा आयोजना छनोट गर्ने सांसदहरूले विज्ञहरूसँग बस्नुहोला, जनप्रतिनिधिहरू, स्थानीय तह र प्रदेशका जनप्रतिनिधिहरूसँग पनि बस्नुहोला, बसेर योजनाको छनोट गर्नुहोला। त्यो अनुसार सिफारिस गरेका आयोजनाहरूलाई बजेट विनियोजन गरौं। परिवर्तन गर्ने आँट गरौं। परिवर्तन गर्ने आँट नगर्दाखेरि अनि हामी चाहिँ यो नयाँ युग भनेर भन्दै गर्दा संसारका कतिपय देशहरू कहाँ पुगिसके। गति कहाँ पुगिसक्यो। अनि हामी चाहिँ कछुवा गतिमा हिंड्दै गर्दाखेरि time and tide wait for none, समय र ज्वारभाटाले त कसैलाई पनि पर्खँदैन। time once gone cannot be returned again, एकपटक गएको समय कहिले पनि फिर्ता गर्न सकिँदैन। समय दौडिरहन्छ हामी चाहिँ सुस्त गतिमा हिंडिरहने? यसरी परिवर्तन सम्भव छ? छैन। त्यसैले गर्दाखेरि यसतर्फ सरकारको ध्यान जाओस्। म अनुरोध गर्न चाहन्छु।

म शिक्षा मन्त्रीज्यू यहाँ हुनुहुन्न। मन्त्रीज्यूहरू आउन जाँगर लागेन कि। आज धेरै मन्त्रीज्यूहरू हुनुहुन्न। मेरा केही जिज्ञासाहरू शिक्षा मन्त्रीज्यूतर्फ पनि थिए। शिक्षा मन्त्रालयमा, International Forum मा गएर भाषण गर्ने २०% बजेट शिक्षामा छुट्याइन्छ भनेर आज १०.९५% मात्रै शिक्षामा बजेट विनियोजन गरिएको छ। त्यसैले मन्त्रीज्यू, म अनुरोध गर्न चाहन्छु। अब कुरा गरेर होइन, अब कुराले आकाशको तारा झारेर होइन, समृद्ध देश बनाउनको निम्ति शिक्षालाई गुणस्तरीय बनाउन जरुरी छ। संसारमा जति पनि देशहरूले विकास गरेका छन्। जति पनि देशहरू समृद्ध देश भएका छन्, त्यो मान्छेका मस्तिष्कले गर्दा, मान्छेको मस्तिष्कमा भएको ज्ञान र मान्छेको

हातमा भएको सिप, त्यो जनशक्तिले मात्रै देशलाई समृद्ध देश बनाउन सक्छ। त्यसैले गर्दाखेरि गुणस्तरीय शिक्षामा मन्त्रीज्यूको ध्यान गएको छ कि छैन? म मन्त्रीज्यूलाई सुझाव दिन चाहन्छु। तपाईंको ध्यान त्यता गएको छ? शिक्षकहरूलाई एउटा शिक्षकका मनभित्र भएका आस्थाका फूलहरू निमोठ्न तपाईंको ध्यान गएको छ। लोकतन्त्रको सुन्दर पक्षलाई पाता कसेर, मुठ्ठी कसेर हिर्काउनतिर तपाईंको ध्यान गएको छ। त्यो किमार्थ पनि ठीक होइन। लोकतन्त्रको सुन्दरता होइन। एउटा शिक्षकले विद्यालयभित्र राजनीति गर्न पाउँदैन। त्यो हुँदैन। त्यो मिल्दैन। तर एउटा शिक्षकको विचार हुन्छ। त्यो वैचारिक स्वतन्त्रता हुन्छ कि हुँदैन? एउटा शिक्षकले आस्था राख्न पाउँछ कि पाउँदैन? पाउँछ। विद्यालयबाहिर शिक्षकले आस्था राख्न पाउँछ। त्यसैले म अनुरोध गर्न चाहन्छु। आज शिक्षालाई गुणस्तरीय बनाउनतिर ध्यान दिउँ। शिक्षा क्षेत्रमा भएका विकृतिहरू जे छन्। विश्वविद्यालयमा भएका विकृतिहरू जे छन्, त्यसलाई अन्त्य गर्नेतिर ध्यान जानपर्यो।

हामीले टेक्नोलोजीको कुरा गर्छौं, प्राविधिक शिक्षाको कुरा गर्छौं। आज प्राविधिक शिक्षालाई शिक्षाको मूलधारमा ल्याउन सकेका छौं कि चैनौं? सकेका चैनौं। त्यसैले गर्दाखेरि हामी संसार प्रविधिमा यहाँ पुग्यो, त्यहाँ पुग्यो भनेर अरू देशमा उदाहरणहरू दिने गर्छौं। त्यसैले अरू देशका उदाहरणहरूबाट सिक्ने हो, अरू देशहरूबाट सिक्ने हो, तर हामी अरू देशका डाटा पेस गरेर, अरू देशका उदाहरण दिएर बौद्धिकता देखाउन चाहन्छौं। तर अरू देशका उदाहरणहरू दिएर हामी बौद्धिक छौं भनेर त्यो खालको चाहिँ शोअप गर्नुभन्दा, बौद्धिकता देखाउनु भन्दा हामीले विकास देखाएर जनतालाई गुन लगाऔं। यो कुरातर्फ चाहिँ मन्त्रीज्यूहरूको ध्यान जाओस्। म अनुरोध गर्न चाहन्छु।

आज एसईई परीक्षाको परिणामको कुरा उठ्यो। अघि पनि माननीयज्यूहरूले उठाइसक्नुभएको छ। एसईई परीक्षाको चाहिँ नतिजा हेर्दै गर्दा धेरै चाहिँ एउटा निराशाजनक अवस्था भोलिका भविष्यका कर्णधारहरू कस्ता हुने? भन्ने विषयमा एकदम चिन्ताजनक अवस्था छ। आज ५२.१४% अनुत्तीर्ण भएका छन् विद्यार्थीहरू। यो किन भएको छ? भन्ने विषयमा हामी घोत्लिन जरुरी छ कि छैन? विद्यालयमा भर्ना हुने विद्यार्थीहरूको सङ्ख्या जति छ आज त्यति नै विद्यार्थीहरू चाहिँ एसईई दिनुहुन्न दिँदैनन् ती विद्यार्थीहरूले छोडिसकेका हुन्छन्, लाखौं विद्यार्थीहरूले छोडिसकेका हुन्छन्। ५ देखि १२ वर्षसम्मका विद्यार्थीहरू ७ लाख ७५ हजार आज विद्यालयमा जाँदैनन्। त्यो कारण किन हो? त्यसको खोजी गर्नु पर्छ कि पर्दैन? त्यसैले म विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु। शिक्षा मन्त्रीज्यू सहर र गाउँमा हुने शिक्षा फरक छ, त्यसको अन्त्य गर्नुस्। अब शिक्षामा हुने

विभेदको अन्त्य गरौं। दुई खालको शिक्षा नीतिको अन्त्य गरौं। आज धनी र गरिबले पढ्ने शिक्षा यसको अन्त्य गरौं। शिक्षा सबैलाई समान हुनुपर्छ भन्ने मान्यता राखेर अगाडि बढौं। यो कुरातर्फ म अनुरोध गर्न चाहन्छु । आज यहाँ श्रम मन्त्रीज्यू पनि हुनुहुन्न। श्रम बजारमा हामीले हेरेका छौं। धेरै श्रमिकहरू विदेश गएका छन्। डाटा हामीले हेरेका छौं। श्रम मन्त्रीज्यूले भाषण गर्नुभएको हामीले सुनेका थियौं एकदिन। श्रम मन्त्रीज्यूले भन्दै हुनुहुन्थ्यो- हामी बाहिरबाट सिकेर आएका, बाहिरबाट ज्ञान प्राप्त गर्नेहरूलाई पनि हामी चाहिँ यहाँ उत्पादनमा काम लगाउँछौं भनेर भन्नुभएको थियो। त्यो कहिले योजना बन्छ? म चाहिँ प्रश्न गर्न पनि चाहन्छु। कानुन मन्त्रीज्यू यहाँ हुनुहुन्न। हामीले केही महिना अगाडि एउटा सङ्कल्प प्रस्ताव पेस गरेका थियौं। मौलिक हक कार्यान्वयन गर्नका निम्ति बनाउनुपर्ने कानुनहरू अहिले पनि १३ वटा कानुनहरू बाँकी छ। त्यो समयसीमा तोकेर अब असोजको ३ गतेभित्र चाहिँ बनाउनपर्छ भनेर हामीले.....(समय सकिएको)।

<u>सम्माननीय अध्यक्ष</u>:-माननीय सदस्य मोहम्मद खालिद।समय ८ मिनेट।त्यसपछि माननीय सदस्य वामदेव गौतम।

(१४:२७ बजे)<u>माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी, नेपाल)</u>:- सम्माननीय अध्यक्षज्यू, २०७८, १२ गते माघ म निर्वाचित भएँ । यसरी मैले ३ यो एउटा आर्थिक वर्ष पाएँ । यो अवधिभरिको मैले जुन अध्ययन गरें। त्यसम २ वटा कुराको मैले निरन्तरता पाएँ। एउटा कुरा त बजेटको सम्बन्धमा अरू माननीय मित्र साथीहरूले राखेका छन्- कि खर्बौंको यो बजेट ३ करोड नेपालीको रगत र पसिना हो यो। कसैको जागिर हैन, सम्पत्ति हैन।र सरकारको अर्थ के छ भने न्यायोचित ढङ्गले त्यसलाई ठाउँमा पुर्याउने। तर हामीले के कुराको निरन्तरता पायो भने के मन्त्रीज्यू र वहाँका आसेपासेले मात्र बजेटमा आफ्नो क्षेत्रको लागि वा आफूले सुझाएको, राय दिएको ठाउँको लागि केही अंश पाउनुभयो। मन्त्रीजीहरू, आफ्नो क्षेत्रको लागि र बढी उदार छन् भने जिल्लाको लागि र आसेपासेको लागि मात्र काम गरे। म यो सरकारलाई मात्र मैले अहिलेसम्मका देखेका सरकार, सबै सरकारका मन्त्रीहरूका बारेमा मेरो यो राय हो।र यसमा पनि मैले के हेरें भने यसमा कुन माननीयहरूको सम्बोधन हुँदैन-मोहम्मद खालीद, विश्वकर्माज्यू, मृगेन्द्र सिंह। किन आखिर त? हामी जन निर्वाचित चैनौं? हामी त्यही विधिबाट आएका चैनौं? हामीसँग जनताको आशा र अपेक्षा छैन? र हामी यदि यो कुरा गर्छौं भने हामीसँग के भनिन्छ- तपाईं नीति निर्माणको लागि

आउनुभएको छ। सही हो । यदि हामी नीति निर्माणका लागि आएका छौं भने अबौंको बजेट लाने माननीय सांसदहरू के कुराका लागि आएका छन्? यही पद्धति रह्यो भने जनतामा अझ निराशा आउँछ। हामी विचार गर्नुपर्छ। आज हामी मन्त्री छौं। भोलि कहाँ हुन्छौं ठेगान छैन। सरहद की बुलन्दी भी पलभरका तमासा है, जिस डाल पे बैठे हो वह टुट् भी सकती है।र हामी हेर्दै रहेका छौं। अर्को कुरो मैले के हेरें भने- कि सदनमा माननीय सदस्यहरूले उठाएको कुरो चाहे त्यो बजेट सम्बन्धी होस् वा अन्य सम्बन्धी। जवाफ पाईंदैन। कहिलेकाहीं पाइन्छ। तर प्रायः पाईंदैन।सञ्चार मन्त्रीजी यहाँ हुनुहुन्छ। मैले उर्दू, भोजपूरी, मैथिली भाषालाई उचित र न्यायोचित सम्मान र स्थानको लागि यहीं यो रोष्टमबाट कुरा उठाएको थिएँ। संविधानमा लेखेका छन्, लेखुभएको छ कि- देशमा बोलिने सबै भाषा राष्ट्रिय भाषा हुन्। व्यवहारमा खोई त?

कमला पुलको कुरा ३ चोटि उठाएँ। यो जनतासँग उपाहास हो कि होइन? एक दशक बितिसक्यो पनि त्यो पुल अहिलेसम्म काम लाग्ने भएको छैन।र लाखौं लाख मधेशका जनता अहिले दुःख भोगिरहेका छन्।यसरी मैले शिक्षकको सम्बन्धमा धेरै चोटि कुरा उठाएँ। र आज त मदरसा, गुम्बा, गुरुकुलको के कुरा गरौं। सरकारले जिम्मा लिएको सामुदायिक विद्यालयहरूको जुन अवस्था आएको छ- ८८.१२% सामुदायिक विद्यालयका विद्यार्थीहरू फेल भएका छन्। यसको जिम्मा कसले लिने? सरकारले लिने कि नलिने? भन्दाखेरि हामीले यो भनेर पुग्छ कि सरकार शिक्षाको क्षेत्रमा पूर्णरुपेण विफल भएको छ।यो विफलताको जिम्मेवारी लिने कि नलिने? कसले लिने? र त्यसमा पनि जुन बजेट विनियोजन गरेको छ।समय कम छ।त्यो उचित छैन।मधेश प्रदेशलाई कृषिको विशेष क्षेत्र घोषणा गर्नुभएको छ। राम्रो कुरो हो, सुन्दा राम्रो, सुहाउँदो लाग्छ।तर यो घोषणा गरेर मात्र पुग्छ कि। त्यहाँ चुरे संरक्षणको समस्या छ। सिँचाइको समस्या छ। वातावरण बिग्रिरहेको छ। त्यसको समस्या छ।वन तथा वातावरण मन्त्रालयले रोपेको बिरुवा र रुख कहाँ हराउँछ प्रत्येक वर्ष? र त्यसको रोपाई कहाँ हुन्छ त्यो जनतलाई थाहा हुँदैन।त्यो सम्बन्धित कार्यकर्तालाई मात्र थाहा हुन्छ। के यसरी हामी मधेश प्रदेशलाई कृषिका विशेष क्षेत्रका रूपमा वास्तवमा व्यवहारिक रूपमा हेर्न सक्छौं? जबसम्म एक योजना चुरे संरक्षण वातावरण, पानीको रिचार्जिङ र सिँचाइ यो सबै यन्त्रहरूलाई एक ठाउँमा ल्याएर विशेष योजना हामी बनाउँदैनौं र त्यसको लागि विशेष प्याकेज ल्याउँदैनौं भने मधेशलाई कृषिको विशेष क्षेत्र बनाउन हामी सक्दैनौं र यदि मधेश प्रदेश कृषिको विशेष क्षेत्र बनेन भने अहिले हामी सायद अढाई हजार अर्ब जतिको चामल आयात गरिरहेका छौं। आउने दिन झन् जटिल र मुश्किल हुन्छ भन्ने मलाई लाग्छ। मेरो शिक्षा मन्त्रीसँग

विनम्र अनुरोध छ। परिवर्तनका कुरा गर्ने मन्त्रीहरूसँग विनम्र अनुरोध छ। तपाईंहरू धार्मिक प्रवृत्तिका विद्यालयको बारेमा सकारात्मक रूपमा विचार गर्नुस् मैले धेरैचोटि कुरा यहाँ उठाइसकें। तर तपाईंहरूले सुन्नुभएन। के सदनको मान्छे सडकमा गएर कुरा गर्छ भने राम्रो हुन्छ, सरकारको लागि राम्रो हुन्छ, सकरात्मक हुन्छ? भन्ने विचार राख्दै म बिदा हुन्छु।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य वामदेव गौतम। समय १२ मिनेट। यस पछाडि माननीय सदस्य गोपी बहादुर सार्की अछामी।

(१४:३६ बजे)<u>माननीय श्री बामदेव गौतम (मनोनित)</u>:-सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक, २०८१ का सम्बन्धमा छलफल चलिरहेको छ। म आफ्ना विचार प्रस्तुत गर्नकै लागि उपस्थित भएको छु। हामीले समानुपातिक समावेशी सिद्धान्त थपेर पनि १६औं शताब्दीको मध्यतिर ब्रिटिश साम्राज्यका सामन्त, जमिन्दार र पुँजीपतिहरू मिलेर त्यहाँका श्रमजीवीहरूलाई दमन गर्नका निम्ति अवलम्बन गरिएको र संसारभरि आफ्नो औपनिवेशिक शासन फैलाउनका निम्ति सिर्जना गरिएको संवैधानिक राजतन्त्रात्मक शासन प्रणाली द्विसदनात्मक हाउस अफ लर्डस र हाउस अफ कमन्स सहितको संसदीय व्यवस्था स्थापना भएको थियो। त्यही ब्रिटेनमा अवलम्बन गरिएको त्यही शासन व्यवस्थासहितको संसदीय व्यवस्था अहिले पनि छ। र हामीले पनि अनेक पटक क्रान्ति गरेका भन्छौं। तर बेलायतमा ३६४ वर्ष पहिले स्थापना गरिएको त्यही संसदीय व्यवस्था र त्यही अल्पमतले शासन गर्ने First Past the Post निर्वाचन प्रणाली अवलम्बन गरिरहेका छौं। त्यहाँ अहिले पनि संवैधानिक राजतन्त्र छ। हामीकहाँ संवैधानिक राष्ट्रपति छ। झण्डै उस्तै उस्तै मान्नुपर्ने हुन्छ। यहाँका राष्ट्रपतिले बेलायतका राजाले जस्तै संवैधानिक काम गर्छन्। संवैधानिक राजतन्त्रसहितको शासन सुरु भए देखि नै अंग्रेज साम्राज्य विश्वव्यापी रूपमा फैलिएको थियो। तर अंग्रेज साम्राज्यवादले नेपालमाथि घातक हमला गरेर आधाभन्दा धेरै भूमि कब्जा गरे पनि नेपाललाई कहिल्यै आफ्नो उपनिवेश बनाउन सकेन। कहिल्यै कसैको उपनिवेश नभएको राष्ट्र दक्षिण एसियामा नेपाल मात्रै हो। हामी अहिले पनि त्यही संसदीय व्यवस्था अन्तर्गत छौं। र आर्थिक वर्ष ०८१।८२ का निम्ति सरकारले प्रस्तुत गरेको बजेटको विनियोजन शीर्षकअन्तर्गतको छलफलमा छौं। विनियोजन विधेयकको छलफलमा भाग लिने माननीयज्यूहरूले कुनै पनि मन्त्रालयअन्तर्गत विनियोजित रकममा सन्तुष्ट भएर खुसी साथ समर्थन गरेको पाइएको छैन। जम्मा रु.१८ खर्ब ६० अर्ब ३० करोड

बजेट, त्यो पनि अहिलेको कागजमा लेखिएको अङ्कहरूको आधारमा भनिएको हो। साँच्चिकै व्यवहारमा जाँदा कति हुने हो भन्न सकिन्नँ।किनभने आन्तरिक ऋण, वैदेशिक ऋण बोलीमा दिएका आश्वासनमा रहेको अनुदानको आधारमा प्रस्तुत गरिएको यो बजेट हो।यही बजेटबाट पहिलेको ब्याजसहितको ऋण पनि तिर्नपर्ने हो। त्यसकारणले यो घाटा बजेट हो। संसदीय व्यवस्थामा हामी प्रवेश गरेको २०१५ सालदेखि हो। बीचमा राजाको ठाडो शासनले ३० वर्ष खायो। तर बजेटको ढाँचाकाँचा अहिलेको जस्तै थियो। गणतन्त्र आइसकेपछि केही परिवर्तन गर्न सकेका चैनौं। यसरी भन्नुपर्दा ६६ वर्षदेखि यसैगरी बजेट पढ्दै आएका छौं। अहिले हामीले जति विनम्र भएर अनुरोध गरे पनि, विद्वता पस्किए पनि, जतिसुकै रोइकराइ गरे पनि थपथाप केही हुनेवाला छैन। त्यसो भएर मैले यसपटकको बजेटको सिद्धान्त र प्राथमिकता, नीति तथा कार्यक्रम, बजेट वक्तव्य र विनियोजन विधेयकलाई आलोचनात्मक समर्थन गर्दछु। यसमा भन्नुपर्ने मेरो केही छैन। हुनेवाला पनि छैन। तर पनि मैले थप केही विषयहरूका सम्बन्धमा आफ्ना विचार राख्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, हामी बाहेक संसारका धेरै मुलुकहरूले आफैंले विकास गरेका भौतिक वस्तु र ज्ञान निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्छन्। हामीले भने आफ्ना होनहार मानव शक्तिलाई निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्छौं। यसैमा हामीले गर्व पनि गरिरहेका छौं। त्यसरी रगत, पसिना बेचेर प्राप्त भएको विप्रेषण, देशको उत्पादन वृद्धि र नयाँ निर्माणमा होइन, विदेशबाट उपभोग्य वस्तु ल्याउनको निम्ति खर्च गरिरहेका छौं। त्यसरी प्राप्त भएको विप्रेषण देश विकासको निम्ति मात्रै खर्च गर्ने विचार पटक पटक कम्युनिष्ट पार्टीका नेता प्रधानमन्त्री भए पनि नेपाली कांग्रेसका नेता भए पनि ६६ वर्षको यो सदनमा कहिले प्रस्तुत हुन सकेन। त्यही भएर हामी गरिब छौं, हेपिएका छौं र लखेटिएका छौं।

सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधानले लोकतान्त्रिक मूल्य, मान्यतामा आधारित समृद्ध समाजवाद निर्माण गर्ने मार्गदर्शन गरेको छ। समाजवाद निर्माण गर्न सुरु नगरी समाजवाद आफैं निर्धारण हुँदैन। मैले समृद्धि प्राप्त गरेका गइर कम्युनिष्ट मुलुकहरू र समृद्ध प्राप्त गरेका कम्युनिष्ट मुलुकहरूका विकास प्रक्रियालाई अध्ययन गरेको छु।ती सबै मुलुकहरूले उत्पादनको सबभन्दा ठुलो साधनको रूपमा रहेको भूमि राष्ट्रियकरण गरेका छन्। जुन जुन मुलुकले त्यो समृद्धि उत्पादनको मुख्य साधन भूमिलाई व्यक्तिगत सम्पत्तिका रूपमा राख्न दिएका छन्। हामीजस्तै गरीबिमा अहिले पनि छटपटाइरहेका छन्। त्यसो भएर म जतिसक्यो छिटो नेपालको सम्पूर्ण कृषि उत्पादनको भूमि राष्ट्रियकरण गर्न नेपाल सरकारलाई अनुरोध गर्छु। संसारका अरू सबै मुलुकहरूले

राष्ट्रियकरण गर्दा कुनै मुआब्जा दिएनन्। तर नेपालको कृषि भूमि नेपाली जनताले रगत, पसिना लगानी गरेर आर्जन गरेको हुनाले सरकारले भूमिपतिहरूलाई चलनचल्तीको मूल्य प्रदान गरेर राष्ट्रियकरण गर्नुपर्छ। मूल्य बापत् अहिले नेपाल सरकारले बैंक ग्यारेण्टी दिनुपर्छ। त्यो सम्पूर्ण मूल्य सरकारले पूर्व भूमिपतिहरूकै नाममा नेपालमा औद्योगिकीरण लागू गर्दाखेरि त्यहीं लगानी गरिदिनुपर्छ। यहाँबाट नेपालको समृद्धि सुरुवात पनि हुनेछ। त्यसरी प्राप्त हुने भूमि कम्पनीका आधारमा हिमाली पिउने पानी, जडिबुटी उत्पादन, चौरी, भेडा, च्याङ्ग्रा पालन, फलफूल उत्पादन, स्याउ, सुन्तला, आँप, लिची र तरकारी, चिया, कफी, अनि खाद्य पदार्थ, माछा पालन, मासु, अण्डा, दुध उत्पादनमा लगानी गर्नुपर्छ।

त्यसैगरी अन्तर्राष्ट्रिय व्यापार, घरेलु व्यापार, औद्योगिक उत्पादनमा लगानी गर्नुपर्छ। प्रत्येक पालिका केन्द्रमा अत्याधुनिक बजार विकास गर्नुपर्छ। त्यसैगरी शिक्षा, स्वास्थ्य, खेलकुद, मनोरञ्जन प्राप्त त्यहाँबाट चाहिँ गर्नुपर्छ। यसो गर्न सकियो भने २ करोड भन्दा धेरै नेपालीले देशभित्रै रोजगारी प्राप्त गर्नेछन्। त्यसरी नै सहरीकरण र बजारीकरण पनि व्यापक रूपमा लागू गर्न सकिने छ। त्यस्तो अवस्थामा राष्ट्रव्यापी रूपमा बेरोजगारी समाप्त हुनेछ। काम गर्न उमेर पुगेका सबै व्यक्ति काममा सङ्लग्न हुनेछन्। दैनिक रूपमा ज्यालादारी काममा सङ्लग्न भएर पैसा आर्जन गर्ने र त्यसैबाट आफ्नो जीवन निर्वाह गर्ने चलन नेपाली जनताको उच्च स्तरको संस्कृति हुनेछ।

सम्माननीय अध्यक्ष महोदय, नेपाल राष्ट्रलाई सधैं गरिब हुन प्रेरित गर्ने हामीले अवलम्बन गरेको यो संसदीय शासन प्रणाली र निर्वाचन प्रणाली नै हो।अब साहस गरेर नेपालको संविधान संशोधन गरी प्रत्यक्ष निर्वाचित राष्ट्रपतिय प्रणालीमा प्रवेश गरौं। यसैगरी सधैं अल्पमतको अवस्थामा सबै राजनीतिक पार्टीहरूलाई पुर्याउने अल्पमतीय वर्तमान निर्वाचन प्रणाली परित्याग गरेर व्यक्ति हैन पार्टी निर्वाचित  हुने पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरौं। पार्टी निर्वाचित हुने प्रणाली भए पनि उम्मेदवारहरू पहिले नै तय गरेर जनताको बीच प्रस्तुत गर्ने प्रणाली स्थापित गरौं। यसरी निर्वाचन गर्दा राष्ट्रपति, मुख्यमन्त्री, पालिका प्रमुख, प्रतिनिधिसभा सदस्य तथा प्रदेश र पालिका सभाका सदस्यहरूको पनि एकै दिन एउटै मतबाट निर्वाचन गर्ने व्यवस्था गरौं, यसरी टुङ्गो लगाऔं।निर्वाचन खर्चबाट सबै जोगिनेछौं। जालझेल, कपट, बुथ कब्जा, मत किनबेच जस्ता अग्राह्य क्रियाकलापबाट पनि हामी बँच्नेछौं। परिणाम पनि निर्वाचन कार्यालयले एकै दिन गर्न सक्ने छ। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य गोपी बहादुर सार्की अछामी। समय ११ मिनेट। त्यस पछाडि माननीय सदस्य सुमित्रा बि.सी.।

(१४:४४ बजे)**माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, म सर्वप्रथम त नेपाल अधिराज्यभरि यो साताभित्र बाढी, पहिरो, सडक दुर्घटनामा आफ्नो जीवन गुमाउनुहुने सबैप्रति हार्दिक श्रद्धाञ्जली र सम्मान व्यक्त गर्न चाहन्छु। त्यसैगरी, घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको पनि कामना गर्न चाहन्छु। र मृतकका परिवारहरूप्रति हार्दिक समवेदना पनि व्यक्त गर्न चाहन्छु। हामीलाई थाहा छ- राजनीतिक परिस्थिति र घटनाक्रमहरू अलि तीव्रतमा उतारचढावसहित फेरबदल हुने, भईराख्ने र चाहिँ हुने क्रममै चाहिँ अगाडि बढिराखेको पनि छ। अहिले दुईटा राजनीतिक पार्टीहरू आपसमा सहमति गरेर यो वर्तमानको समीकरणलाई फेर्ने र नयाँ ढङ्गले अगाडि बढ्ने जुन सहमति पनि भएको छ। यसमा मेरो आफ्नो ठुलो केही भन्नु छैन। किनभने यो परिस्थति पनि त्यस्तै हो । निर्वाचनको परिणामले पनि त्यही भन्छ। तर मलाई चिन्ता के छ भने राष्ट्र, देश जनता र चाहिँ संविधान जो ठुलो क्रान्ति र परिवर्तनको चाहिँ उपलब्धिको रूपमा बनेको नयाँ संविधान छ। यो संविधानको विरुद्ध र यो संविधानलाई बदल्ने र विशेष गरेर समानुपातिक र समावेशी प्रतिनिधित्वको चाहिँ विरुद्ध संशोधन गरेर जाने भन्ने कुरा चाहिँ यो प्रति मेरो आफ्नो आपत्ति छ। र समय क्रममा यो बारे डिबेट पनि होला। त्यो डिबेटमा हामी हाम्रोतर्फबाट चाहिँ आफ्नो मत र पार्टीको मत जाहेरी गर्ने पनि म प्रतिबद्धता व्यक्त गर्न चाहन्छु।

यो बजेट विनियोजन हामीले नीति कार्यक्रम, बजेट वक्तव्य र यो विनियोजनसम्म आउँदाखेरि यो संविधानको भावना, मूल भावना विशेष गरेर चाहिँ संघीयतालाई हामीले प्रवर्द्धन गर्ने, सुदृढ गर्ने, सबलीकरण गर्ने भन्ने यसको मूल उद्देश्य र स्पिरिट थियो बजेटको, नीति कार्यक्रमको। त्यो नीति कार्यक्रमको मूल भावना र संविधानको मूल भावनालाई यसले पक्डेन जस्तो मैले अनुभूत गरिराखेको छु र यो चाहिँ अलिकति पावर केन्द्रित, अलिकति चाहिँ पहुँचकेन्द्रित र यो विनियोजन गर्दाखेरि चाहिँ अलि बेसी छरिएको जस्तो, अहिलेको अर्थतन्त्रको वर्तमान परिस्थितिलाई हेर्दाखेरि चाहिँ यसरी बजेट छरिनु उपयुक्त थिएन। हामीले चाहिँ ऋण गरेर देश चलाइराखेका छौं। हाम्रा आम्दानीका स्रोतहरू राजस्व हो। राजस्वले पनि लक्ष्य पूरा भईराखेको छैन। जसले चालु खर्च पनि धान्न सक्ने स्थिति चाहिँ नभएको स्थितिको बीचमा चाहिँ हामीले रूपान्तरणकारी राष्ट्रिय गौरवका र छिटो प्रतिफल दिने खालका आयोजनाहरूलाई चाहिँ लक्षित गरेर त्यसलाई हामीले छिटो सम्पन्न गर्दाखेरि छिटो रिजल्ट र

परिणाम हुने कुरालाई मध्यनजर गरेर चाहिँ जानुपर्ने थियो। त्यो अनुसारको भएन भन्ने यो मेरो छोटो टिप्पणी हो। तर फेरि आधारभूत रूपमा यो सरकारले ल्याएको बजेट, नीति, कार्यक्रम र चाहिँ यो विनियोजनप्रति मेरो हार्दिक समर्थन पनि छ।

अब यहाँ थुप्रै मन्त्रालयहरू छन्। यसमा ७ वटा मन्त्रालयसँग सम्बन्धित छ। तर मैले एकाध केही मन्त्रालयको विषयमा मात्रै मेरो आफ्नो कुरा राख्न चाहिरहेको छु। श्रम तथा रोजगार मन्त्रालय, जसले चाहिँ अहिले एउटा श्रमाधान भन्ने कार्यक्रम ल्याएर सातैवटा प्रदेशमा यसको बारेमा चाहिँ प्रधानमन्त्री सहित गएर उद्घाटन गर्ने र छलफल गर्ने र त्यसको सकरात्मक इन्पुट आएको पनि मैले अनुभूत गरेको छु  र त्यो कार्यक्रमलाई प्राथमिकतामा राखेर चाहिँ अगाडि बढेको एउटा राम्रो पक्ष हो। र वैदेशिक रोजगारीमा जाने युवाहरूलाई चाहिँ सिप विकास तालिमको प्रबन्ध पहिले गर्ने भन्ने जे कुरा छ, त्यो पनि सकरात्मक ढङ्गले नै अगाडि बढिराखेको मैले अनुभूत गरिराखेको छु र चाहिँ अहिले वैदेशिक रोजगारीबाट चाहिँ स्वदेश फर्केका साथीहरूको चाहिँ सिप, ज्ञान र चाहिँ पुँजीलाई हामीले उत्पादनको क्षेत्रमा लगानी गर्ने, उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्ने र राष्ट्रिय पुँजीको चाहिँ प्रवर्द्धन गर्ने विषयसँग जोडिएको कार्यक्रम पनि यो राम्रो नै मैले अनुभूत गरिराखेको छु। कतिपय यसका नराम्रा पक्षहरू पनि छन्। त्यो बारे अहिले धेरै चर्चा नगरौं भन्ने लाग्छ। यो कानुन मन्त्रालयले ल्याएका थुप्रै कुराहरू मलाई राम्रो लागिराखेको छ विशेष गरेर चाहिँ यो टीआरसी बील। यो शान्ति प्रक्रियासँग जोडिएको विषय भएको हुनाले यसलाई हामीले चाँडै टुंग्याउनुपर्ने छ। संविधानका मूल भावना अनुसारका कानुनहरूलाई चाँडै निर्माण गरीकन चाहिँ यसलाई सहज ढङ्गले अगाडि बढ्ने र विशेष गरी संघीयता कार्यान्वयन र सुदृढीकरणलाई व्यवस्थित गर्न जरुरी छ।

अब यो कृषि मन्त्रालयले चाहिँ कृषिमा लगानीको दशक भनेर जे कार्यक्रम ल्याएको छ। उत्पादन, उत्पादकत्व वृद्धि गर्ने, यसको चाहिँ आधुनिकीकरण गर्ने, व्यवसायीकरण गर्ने र बजारीकरण गर्ने कुरालाई फोकस गरेर र विशेष गरेर चाहिँ हिमाली क्षेत्रको समृद्धिको कार्यक्रम, अहिले हिमालतिरबाट विस्तारै मान्छेहरू चाहिँ सहर, मधेशतिर चाहिँ र विदेशतिर जो पलयान भएका छन् हिमाल, पहाड सबैतिरबाट।यसलाई रोक्ने जरुरी पनि छ र त्यसको विविधतालाई मध्यनजर गरेर चाहिँ हामीले जे कार्यक्रम ल्याएका छौं । यो राम्रो नै कार्यक्रमको रूपमा मैले बुझेको छु। सञ्चार तथा सूचना मन्त्रालयले अहिले सूचना प्रविधिको दशकको रूपमा चाहिँ अगाडि बढाउने उद्योग क्यारे सूचनासँग सम्बन्धित उद्योग, उत्पादन र निर्यात चाहिँ नवीकरण प्रविधिको चाहि प्रवर्द्धन गर्ने विषय जे ल्याएको छ। यो राम्रो ढङ्गले चाहिँ अगाडि बढाउने ढङ्गले ल्याएको छ भन्ने मैले अनुभूत

गरेको छु। यस्तै शिक्षाले थुप्रै कार्यक्रम अब किताब पनि मोटो छ। त्यसको व्याख्या, विश्लेषण र धेरै कुराहरू चाहिँ एउटा नीतिगत निर्देशनको रूपमा चाहिँ आएको पनि छ। तर यी नीतिगत निर्देशनसँग जोडिएका विषयहरूलाई कार्यान्वयनको लागि बजेट अरू माननीयजीहरूले भनेजस्तै पर्याप्त भएन कि भन्ने मेरो पनि अनुभूति हो।बजेट पर्याप्त हुनु जरुरी छ। अहिले हामीले शिक्षामा जे परिणाम देख्यौं? एसईईको परिणाम हेर्दाखेरि चाहिँ त्यति गुणस्तरीय छैन। यो त्यति सन्तोषजनक भएन। शिक्षालाई नै हामीले चाहिँ केन्द्रमा राखेर नजाने हो भने राष्ट्र निर्माणको जनशक्ति भनेको त शिक्षित जनशक्ति हो। सही ज्ञानले चाहिँ प्रेरित जनशक्ति त्यो ज्ञानले चाहिँ लेस जनशक्ति हो चाहिने। थुप्रै राम्रा कार्यक्रमहरू छन्। जस्तै चाहिँ अब यो एक पालिका एक स्मार्ट विद्यालय। अहिले नमुना विद्यालयले पनि राम्रो प्रगति राख्या छन् सरकारी विद्यालयहरूमा। त्यस्तै अरू चाहिँ शिक्षा क्षेत्रमा साथीबाट सिक्ने र साथीलाई सिकाउने भन्ने कार्यक्रमसहित थुप्रै कार्यक्रमहरू राम्रा छन्। त्यसलाई अब बजेट र त्यसको कार्यक्रमको चाहिँ कार्यान्वयनको प्रभावकारितालाई हामीले ध्यान दिनुपर्छ। मैले विशेष उठाउने कुरा यसभित्र चाहिँ के छ भने यो पूर्वाञ्चल विश्वविद्यालय । जहाँ अहिले १०० बेडको चाहिँ हस्पिटल छ।र हामीले कोशी अञ्चल हस्पिटलसँग सम्झौता गरेर चाहिँ एमबीबीएस कार्यक्रम सञ्चालन गर्ने भनेर भनेको क्याबिनेटबाट डिसिजन पनि भएको त्यो कोशी अञ्चल हस्पिटलको ३०० बेड प्लस पूर्वाञ्चल विश्वविद्यालयको चाहिँ १०० बेड हुँदाखेरि ४०० बेड हामीसँग हुन्छ र क्रमशः फेरि पूर्वाञ्चल विश्वविद्यालय आफैंले पनि हस्पिटलको बेडहरू चाहिँ थप्दै जाने प्रक्रियामा अगाडि बढ्नको निम्ति बजेट व्यवस्था भएको छ। तर त्यो पर्याप्त छैन। शिक्षा मन्त्रालयकै शीर्षकमा चाहिँ मैले देखिनँ।त्यो के हो म मन्त्रीज्यू भएको भएदेखि मलाई जानकारी यो सूचना हुन्थ्यो, मतलब अलि पनि सजिलो हुन्थ्यो, कर्मचारी साथीहरू आएर बस्नुभएको छ जस्तो लाग्छ, यो ध्यान दिनुपर्छ भन्ने लाग्छ।

अर्को चाहिँ पूर्वमा जाँदाखेरि कोशी प्रदेशमा चाहिँ उदयपुरमा मेडिकल कलेज भन्या छ नीति, कार्यक्रममा । बजेटमा पनि त्यो आएको जस्तो महशुस गर्या छु।उदयपुरको चाहिँ कटारी, जो ३ वटा प्रदेशसँग जोडिएको छ- वागमती, मधेश प्रदेश र कोशी प्रदेश। र त्यहाँ जनसँख्याको हिसाबले पनि ७ वटा जिल्ला त्यहाँका चाहिँ स्टेकहोल्डर मतलब सरोकारवाला लाभग्राहीहरू चाहिँ ७ वटा जिल्लाका जनताले चाहिँ त्यसको लाभ लिने हो। अहिले उदयपुर भनिएको छ। तर उदयपुरको चाहिँ कटारी नगरपालिकामा नै मेडिकल कलेजको चाहिँ आवश्यकता छ। र त्यहाँका राजनीतिक पार्टीका साथीहरू, जनप्रतिनिधिहरू सबै जिल्लाका पनि अरू बाहिर जिल्लाका साथीहरू पनि सहित गएर चाहिँ

हामीले प्रधामनमन्त्रीसँग, अर्थमन्त्रीसँग, शिक्षा मन्त्रीसँग र सबै स्टेकहोल्डरहरूसँग चाहिँ हामीले छलफल गरेका थियौं। त्यो सम्बोधन भएन जस्तो मैले अनुभूति गरिराखेको छु। र मैले यति विषय राख्दै अब यो विनियोजन शीर्षकमा आएको विनियोजित बजेटप्रति मेरो आफ्नो चाहिँ सकरात्मक समर्थन रहेको विषय पनि म यहाँ तपाईंहरूको बीचमा राख्न चाहन्छु। र मैले मोटामोटी यति विषय राख्दै बिदा हुन चाहन्छु। हस् त, अभिवादन। नमस्ते।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य माननीय सदस्य सुमित्रा बि.सी.।समय ८ मिनेट।त्यस पछाडि माननीय सदस्य मनरुपा शर्मा ।

(१४:५५ बजे)<u>माननीय श्री सुमित्रा वि.सी.(नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:-सम्माननीय अध्यक्ष महोदय, आज हामी यो १६औं अधिवेशन, २३औं बैठकको २०८१/८२ को विनियोजित विधेयकमाथि हामी छलफल गरिरहेका छौं। थुप्रै माननीयज्यूहरूले आफ्ना विचारहरू व्यक्त गरिसक्नुभएको छ। मलाई पनि यो विनियोजितमा कुरो राख्नुपर्दा म अर्थ मन्त्रालयकै ध्यानाकर्षण गर्न चाहन्छु पहिला। हामीले पनि केही योजनाहरू पठाएका थियौं। त्यो योजनाहरू सबै बेवारिसे भएछ। त्यस्तो हुँदाहुँदै पनि म यो बजेटको समर्थन गर्न चाहन्छु।

र आज म यो विनियोजित मन्त्रालयअन्तर्गतका विनियोजन विधेयकमाथि छलफल गर्नुपर्दा मलाई यो कृषि हाम्रो देश, कृषिप्रधान देश र कृषिका कार्यक्रमहरू आउँछन्। कृषि कार्यक्रमहरू थुप्रै आएका छन्। त्यहाँ माटो अनुसारको, मौसम अनुसारको खेती गर्ने, कृषि गर्ने भन्ने कुराहरू पनि छन्। र त्यसैमा प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम पनि आएको छ। र मलाई एउटा जिज्ञासा लाग्यो। त्यो स्थानीय तहमा पालिकास्तर बजेट गएको रहेछ। कतिपय पालिकाहरूमा १२ लाखको हिसाबले गएछ बजेट। कतिपय पालिकाहरू शून्य भएको रहेछ। यो चाहिँ के भएको होला भनेर मलाई जिज्ञासा लाग्यो मन्त्रीजी यहीँ हुनुहुन्छ।र कृषिप्रधान देश भन्ने, कृषिमा आत्मनिर्भर हुन सक्ने हुँदहुँदै पनि हाम्रो व्यवस्थापनले गर्दा, हाम्रो लगानीले गर्दा, हाम्रो बजेट छुट्याउने परिपाटीले हामीले कृषिमा ध्यान नदिएकै कारण हामी परनिर्भर हुनुपरेका कुराहरू हामी सबैलाई थाहा छ। र समय छोटो भएको कारणले म अलिकति यो शिक्षातिर पनि जान चाहन्छु। शिक्षामा ५ वर्षभित्र सबै बालबालिकाहरूलाई आधारभूत शिक्षा प्रदान गर्ने र विद्यालयको पहुँचसम्म पुगेका विद्यार्थीहरूलाई वैकल्पिक व्यवस्था गरेर भए पनि शिक्षाको पहुँचमा लाने भन्ने कुरो कार्यक्रमहरू आएका छन् । र

यसको बारेमा पर्याप्त बजेटहरू नभएकै कुराहरू हामी महसुस गरिरहेका छौं।र यो कतिपय देशहरूमा ज्येष्ठ नागरिक, ज्येष्ठ अभिभावक र विद्यार्थीहरूलाई आफ्ना अनुभवहरू आदनप्रदान गर्ने खालका नीतिहरू भएर होला हाम्रोमा पनि अहिले ज्येष्ठ नागरिकसँग बालबालिकाहरूलाई जोड्ने कोसिस गरिएको रहेछ। यसलाई व्यावहारिक रूपले गर्नका निम्ति म सुझाव दिन चाहन्छु। र शिक्षामा निजी विद्यालय र सामुदायिक विद्यालयको रिजल्ट अहिलेको परिणाम हेर्दा एसईईको परिणाम हेर्दाखेरि हामी सन्तोष हुनपर्ने कुरा छैन। हामीलाई थाहा छ ४७.८६% मात्रै सफल भएको र ५२.१४% असफल भएका कुराहरू । हुन त अहिले सञ्चार माध्यमहरूमा आइराखेको छ।अब ती सबैले फेरि एकचोटी परीक्षा दिन पाउने भन्ने छ। तर त्यो परीक्षा लिँदा र रिजल्ट आउँदासम्म यो धेरै पछाडि पर्ने भएकोले यो शिक्षामा मान्छे शिक्षित नभएर केही कुराहरूको विकास नहुने भएकै कारणले यो शिक्षामा सामुदायिक स्कुलहरूमा दक्ष जनशक्ति र आवश्यक प्रविधिको चाहिँ व्यवस्था गर्नका निम्ति नेपाल सरकारको अलि गम्भीर ध्यान जाओस् भन्न म चाहन्छु।

र यस्तै गरेर कानुन मन्त्रालयअन्तर्गत कानुन मन्त्री त आज आउन भ्याउनुभएको छैन क्यारे।यो संघीयता, संघ र यो कतिपय ऐनहरू कानुन खारेज गर्नुपर्ने एउटा स्थिति छ नयाँ कानुन तर्जुमा गर्ने। संघीयतासँग बाझिएको ऐन खारेजी गर्ने।र नयाँ कनूनको तर्जुमा गर्ने।कतिपय ऐनहरूका दफाहरू पनि संशोधन गर्नुपर्ने। र स्थानीय तह, प्रदेश र संघका साझा अधिकारका विषयमा स्पष्ट कानुन निर्माण गर्नुपर्ने देखिन्छ। र सत्य निरूपण तथा मेलमिलाप जस्ता आयोगहरूलाई अलि सक्रिय बनाउँदा छिटोछरितो काम हुन्छ र जनताले नयाँ पाउँछन् भन्ने मलाई लाग्छ।र हाम्रो यहाँ सञ्चार मन्त्री आउनुभएको छ। यसको बारेमा धेरै कुरा भन्दा पनि यो नेपाली नागरिकहरू सूचनाका निम्ति सूचना पाउने हक राख्ने भएकै कारणले यो सञ्चार माध्यमहरूलाई भरपर्दो र छिटोछरितो माध्यमबाट राज्यमा भएका गतिविधिहरूको बारेमा नागरिकले जानकारी पाउनका निम्ति व्यवस्था मिलाउनका निम्ति त्यस्तो खालका दक्ष जनशक्ति र दक्ष वैज्ञानिक संयन्त्रहरू व्यवस्था गरियोस् भन्ने म सुझाव दिन चाहन्छु।

र यो श्रम मन्त्रालय अन्तर्गत श्रमिकहरू नेपालमा रोजगारी नपाएर विदेशिनुपरेको छ। र त्यही पनि त्यहाँ जानका निम्ति कागजातहरू बनाउनका निम्ति पनि श्रमिकहरूले धेरै झमेलाहरू झेल्नुपर्ने यो जुन मेडिकल गराइन्छ। त्यो मेडिकल गराउन पनि राजधानीमै आउनुपर्ने।र निश्चित संस्थाहरूबाट मात्रै गरउनुपर्ने। त्यसकारणले यो श्रम मन्त्रालयले नेपालमै श्रमिकहरूलाई उचित योग्यता अनुसारको व्यवस्थापन गर्ने र वैदेशिक रोजगारीमा जान चाहने र जान बाध्य हुनेहरूलाई

पनि छिटो छरितो रूपले वहाँहरूलाई सर्वसुलभ ढङ्गले जानका निमित्त व्यवस्था मिलाउन सरकार लागोस्। र यति भन्दै मेरा आफ्ना भनाइहरू टुङ्ग्याउँछु। हस्। धन्यवाद।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य मनरुपा शर्मा ।समय ८ मिनेट।त्यस पछाडि माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१५:०२ बजे)**माननीय श्री मनरुपा शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्षज्यू, म यो विनियोजन विधेयकमाथिको छलफलमा सहभागी

(१५:०३ बजे)**पीठासीनः-**माननीय सदस्य पुजा चौधरी ।

**माननीय श्री मनरुपा शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः-हुँदै गर्दा यो साता देशैभरि यो वर्षाको कारणले गर्दा क्षति भएको छ। र गाडी दुर्घटना भएर ज्यान गएको छ। वहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु।र यो वर्षाको कारणले गर्दा घरहरू भत्किरहेका छन् पहिरोको कारणले। बाटोहरू रोकिएको छ। र आम जनता देशैभरि यस्ता घटनाहरू भएका छन्। र पर्वत जिल्लामा पनि जलजला गाउँपालिकादेखि सबै ठाउँमा देशैभरि पहिराले घर भत्काउने, कटेरा भत्काउने र खेतीपाती गर्ने बेला मानु खाएर मुरी उब्जाउने भनेको बेला छ यो वर्षाले गर्दा धेरै घटनाहरू घटेर चिन्तित जनता, किसानहरू हुनुभएको छ। वहाँहरूप्रति सम्माननीय अध्यक्षज्यूमार्फत वहाँहरूको क्षतिपूर्ति दिन र वहाँहरूलाई राहत दिनको निम्ति नेपाल सरकारलाई ध्यानाकर्षण गराउनका निम्ति पनि मैले चाहन्छु।र अहिले यहाँ हामी उपस्थित भइरहेका छौं।धेरै विषयहरूमा हामी छलफल गरिरहेका छौं। अर्थ मन्त्रालयबाट बजेट पनि प्रस्तुत भयो र विनियोजन हुँदै गर्दा आज छलफलमा भाग लिंदै गर्दा आज सायद यसको विषयमा लास्ट दिन जस्तो लाग्छ।र प्रतिनिधिसभामा जसरी बहस हुँदै आएर त्यहाँबाट पारित हुँदै आएको छ। र यहाँबाट पनि यसलाई छलफलमार्फत अगाडि बढाएर पारित गर्नेमा हामी उभिइरहेका छौं।

र सर्वप्रथम जुन बजेटहरू आएका छन्, विनियोजन भएका छन् जुन शीर्षक, मन्त्रालयहरूमा। आएका ती बजेटहरूप्रति, योजनाहरूप्रति म पूर्ण समर्थन गर्न चाहन्छु। र अहिले जसरी हामी यहाँ उभिरहेका छौं। मानु खाएर मुरी उब्जाउने भनिरहेका छौं। र म जुन ठाउँबाट आएँ, जुन वर्गबाट

आएँ, जुन त्यो खेती, किसान गर्ने आजभन्दा मैले ५ महिना अगाडि त्यही माटोमा काम गरेर आएको व्यक्ति हो, तिनै जनताले काम गरेको देखेर आएको व्यक्ति हो। अहिले मैले सम्झिरहेकी छु। आज वनमासा पलाइरहेको छ। ठुल्ठुला ऐजेरुका झारहरू, झांगहरू छन्, तिनलाई पन्छाउनुपर्ने छ। तर त्यहाँ भित्र पस्न सक्ने स्थिति छैन।हामीले कृषिमा जति लगानी गरिरहेका छौं। तर जति लगानी गरेका छौं, जनशक्ति छैन। जनशक्ति नभएको कारणले गर्दा जमिन बाँझो छ। त्यसलाई व्यवस्थित गर्ने कसरी भन्ने हामी तीन तहका सरकार छ त्यसलाई व्यवस्थापन गर्नको निम्ति पनि ध्यान त हामीले योजना त ल्याएको छ। तर जनशक्ति छैन तल गएर काम गरिदिने कसले? त्यस्तो खालको समस्या देखिएको छ। जुन कृषिमा लगानी गरेको छौं। र काम भइरहेको छ। जति उत्पादन भएको छ। किसानको हिसाबले खाने उत्पादनको हिसाबले पनि ६ महिना, ३ महिना पुग्ने स्थिति छैन। र फेरि अन्य आयआर्जनको हिसाबले पनि विदेश जानको निम्ति रोक्ने भनेर जुन लगानी गरिरहेको छ। त्यो गरिसकेपछाडि जति उत्पादित भएको छ तरकारीदेखि लिएर सबै खाद्यान्न, दुधहरू जति मात्रामा भएको छ। त्यसलाई फेरि कसरी किसानहरूले उत्पादन गरेका छन्। ती किसानले त्यही मूल्यमा बजारमा आइसक्ने मूल्यमा किसानले त्यही मूल्यमा दिइरहन सकिरहेको छैन। सही बजार व्यवस्थापन गर्न सकेको छैन।यसलाई सही बजार व्यवस्थापन गर्न सकियो भने प्रत्यक्ष किसानलाई लाभ हुन्छ।

र अहिले मैले सुनिरहेकी छु १४ र १३ गते आम एउटा एग्रोभेटहरू लगायतले आन्दोलन गरिरहेको भन्ने सुनिरहेको छु र आन्दोलनलाई २ दिनसम्म बन्द गरिएको छ भनेको छ। एउटा बीउहरू नपाइने, एग्रोभेट फेरि एउटा खालको भ्याटमा जाने। हिजो प्यानमा चल्ने गर्थ्यो भने आज भ्याटमा गएको छ।र आन्दोलित छन्। आज १०० रुपैयाँ पर्ने बीउलाई १५० रुपैयाँ, १३० रुपैयाँ परेको छ। यहीं किन्दा पनि १५० परेको छ। दुर्गम ठाउँमा जाँदा १५० पर्छ यहाँ किन्दा १२० पर्छ। यस्तो भ्याटमा लिएर त फेरि यता कृषिमा लगानी गरिएको छ भन्ने छ फेरि किसान प्रत्यक्ष चाहिने सामग्री लिन आउँदाखेरि अलि भ्याटमा जाने र प्यानको र भ्याटको अलि अन्तरविरोध सिर्जना भएर कतिवटा हामीले लिने बिल बनाइदिने कतिवटा लिने भन्ने खालको त्यस्तो खालको अन्तरविरोध सिर्जना पनि भएको छ। त्यसलाई कसरी हुन्छ आन्दोलित पनि भएका छन् यो जसरी पशुपंक्षीमा एउटा रोग आएर खोप लगाउने कुरामा त्यसलाई अलि महँगइ भयो भनेर फेरि आन्दोलन गरेर फिर्ता गरेर त्यस्तो खालको सुनिन्छ। र अहिलो पछिल्लो चरणमा यो खालको १४ र १५ गते जुन

आन्दोलन गरिरहेका छन्। यसलाई अहिले गरिरहेको छ सरकारले के गर्दछ भनेर । अहिले यहाँ कृषि मन्त्री पनि हुनुहुन्छ, मैले ध्यानाकर्षण गराउन चाहें।

र अहिले जसरी कृषिमा लगानी गरिएको छ र शिक्षामा।जुन शिक्षामा लगानी र कृषिमा लगानी गरिएको छ परिणाममुखी देखिएको छैन। मैले देखिरहेको छु– जुन शिक्षाको लगानी बालुवाको पानी जस्तै बनिरहेको छ। जुन शिक्षामा लगानी गरिएको छ बालुवामा पानी हो कि भन्ने छ।मैले देखिरहेको छु- आज विद्यालयहरूमा जाँदाखेरि ५ जना शिक्षकहरू हुनुहुन्छ, ३ जना विद्यार्थी हुनुहुन्छ। त्यहाँ जानको निम्ति। त्यहाँ ३ जना विद्यार्थी जानको निम्ति पनि समस्या छ।त्यो सही ठाउँमा विद्यालय अलि सिमेन्टेड गरेर नराखिएको कारणले गर्दा अलि विद्यालय जान आउन पनि अप्ठ्यारो परेको पनि देखिन्छ।र अर्को के छ भने जो शिक्षिकाहरू हुनुहुन्छ म आफैंले देखेको र भोगेको कुरा। शिक्षिकाहरू हुनुहुन्छ। तर आफ्ना छोराछोरीहरू निजी विद्यालयमा पढाउने, आफूले सामुदायिक विद्यालयमा पढाउने, आफैं अयोग्य भएको, ठहरिएको पो हो कि भन्ने पनि लाग्छ। त्यसलाई कसरी वातावरण बनाएर राज्यले शिक्षा मन्त्रालय अन्तर्गत कसरी हुन्छ त्यसलाई आफ्नै विद्यालयमा आफैंले पढाउने वातावरण सिर्जना गर्नको निम्ति अलि उचित योजना ल्याउनुपर्छ कि भन्ने लाग्छ।अहिले पछिल्लो चरणमा राजनीति नगर्ने शिक्षकले त भनिएको छ। र त्यो भन्दा पनि त्यो प्रमुख हैन। आफ्ना छोराछोरी आफ्नै विद्यालयमा आफैंले पढाउनपर्यो, निजीमा पठाउन भएन भनेर। त्यो अभियान जुन आएको छ त्यसलाई दृढतापूर्वक लागू गर्नपर्छ भन्ने मलाई लाग्छ। र अर्को के छ भने विदेश जाने युवाहरू दिनमा १२०० जना युवा खाडी मुलुकमा जानुभएको छ। र पढ्नको निम्ति अध्ययन गर्नको निम्ति समथिङ ३००० भन्दा बढी दिनमा जाने काम हुन्छ। त्यसलाई रोक्नको निम्ति कसरी त्यसलाई रोक्न सकिन्छ? त्यो रोक्ने वातावरण कसरी सिर्जना गर्ने हो ? त्यसलाई रोक्नको निम्ति पनि ध्यान त्यहाँ जानपर्यो।

हुन त हाम्रो यहाँ भन्नुभएको थियो- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीले भन्नुभएको थियो- एकचोटि विदेश गएर आइसके पछाडि फेरि त्यहाँको अनुभव साटेर काम गर्न सकिन्छ। एकचोटि गइसकेपछि अर्कोचोटि नजानको निम्ति वातावरण सिर्जना गरिएको छ, गरिन्छ। र परिवर्तन धेरै योजनाहरू ल्याइएको छ। ती योजनाहरू कति सूक्ष्म तरिकाबाट आएका छन् भने कति फेरि बाहिर प्रचार पनि गरिएको छैन र बाहिर प्रचार गर्न पनि म तयार छु, म गर्छु। त्यस्ता काम पनि राम्रा भएका छन् भनेर पनि भन्नुभएको थियो। र पनि यहाँ हेर्दाखेरि मैले देखिरहेको छु। फेरि विदेश यस्तरी जाने स्थिति बनिरहेको छ। यसलाई कसरी अन्त्य गर्ने? यी सबै योजनाहरू आएका छन्।

कार्यान्वयनमा के हुने हो भन्ने मलाई अलि डर पनि लागिरहेको छ। आज कानुनका कुरा उठिरहेका छन्। शान्ति प्रक्रिया टुङगिएको छैन। आज म साँच्चै भन्ने हो भने मृतकको परिवार १० वर्ष जनयुद्धमा मेरो श्रीमान् गुमाएर म यहाँ उभिरहेकी छु।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा ।समय १० मिनेट।त्यस पछाडि माननीय सदस्य राधेश्याम पासवान।

(१५:११ बजे)**<u>माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्षज्यू, १६औं पञ्च वर्षीय योजनाको पहिलो वर्ष आ.व. ०८१/८२ को बजेटिङमाथि हामी छलफल गरिराखेका छौं। सर्वप्रथम त भर्खरै देशका विभिन्न स्थानमा चटयाङ लागेर, पहिरो गएर, डुबान भएर, कटान भएर मृत्युवरण गर्नुहुने मृतक महानुभावहरूमा हार्दिक श्रद्धासुमन व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। साथै राहत प्रदान गर्न सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। अस्ति असार १७ गते राती १२ बजेको अन्धकारमा एउटा अन्धकार गठबन्धन बनेको खबर सार्वजनिक भइरहेको छ। कुनै बेला प्रजातन्त्र मास्न राती १२ बजे नै राजाहरूले संविधानमाथि बज्र प्रहार गरेका थिए भन्ने सुनिन्छ। कतै यतिखेर राती १२ बजेको निर्णयले पनि संघीय लोकतान्त्रिक गणतन्त्रमाथिको संविधानमा बज्र प्रहार गर्ने त होइन? शङ्का उब्जिरहेको छ। नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका प्रतीक थापा लगायत बेचन झाबाट खुल्ने पोलको कारण सुरक्षित रहन रातारात नयाँ सत्ताको समीकरण बनेको त होइन? यो शङ्का पनि उब्जिरहेकै छ।यदि संघीयतामाथि, समावेशितामाथि नै भारी भएको हो त? त्यसो भए समावेशितामाथि आँच आउन पुर्याउने कुरामा सह्य हुनेछैन।

सम्माननीय अध्यक्ष महोदय, राजतन्त्रात्मक संविधान रहँदासम्म राष्ट्रिय आय प्रतिव्यक्ति ७९१ डलर थियो। आज १४५६ डलर पुगेको छ। के यही हामीलाई भारी भएको हो? त्यतिखेर कुल गार्हस्थ्य उत्पादन ८ खर्ब १५ अर्ब थियो। हाल ५७ खर्ब ५ अर्ब पुगेको छ। के यो नराम्रो हो? त्यतिखेर विद्युत् उत्पादन ७०० मेगावाट मात्र थियो। हाल ३०६० मेगावाट छ। त्यतिखेर महिलाको प्रतिनिधित्व ५.९% मात्र थियो।अहिले ३३.१% पुगेको छ।के यो असह्य भएको हो? निजामती सेवामा महिला १२.१२% मात्र थियो।हाल २८.५% पुगेको छ। के यो हाम्रा नेतालाई अपच भएकै हो त? त्यतिखेर जातीय क्लस्टर त सूचीकृत नै थिएन।हाल सबै क्लस्टर गरी

२४,१५२ जना निजामती सेवामा कार्यरत छन्। के यो अपच भएकै हो त? स्थानीय निकायमा महिलाको प्रतिनिधत्व ११.५% थियो। हाल ४१.२% छ। के यही असह्य भएको हो त? दलित, महिला तथा सीमान्तकृत वर्गलाई दिएको मौलिक हक यही असह्य भयो त? यही पचाउन नसकिएको हो त? यही संविधानको प्राप्तिको लागि तत्कालीन राज्यसत्ताले तत्कालीन राज्य पक्षबाट दलित मात्रै १,१११ जनाको शहादत भएको छ, रगत बगेको छ। यो रगतले सिञ्चित संविधान हो।यदि त्यसो हो भने खबरदार। तिनीहरूकै कारण फेरि पनि यो देशलाई द्वन्द्वमा धकेल्ने कुचेष्टा नगर।साँच्चिकै राष्ट्रिय सहमतिको सरकार बनाउने असल नियत हो त? त्यसो हो भने सबैभन्दा ठुला पार्टीको नेतृत्वमा हुनुपर्छ नि।हो त्यतातिर छलफल गर्न सकिएला। तर यो नौटङ्की मात्रै हो जस्तो लाग्छ।

सम्माननीय अध्यक्ष महोदय, माननीय वामदेव गौतमज्यूले पटक पटक उठाउनुभयो- ४० टन शालिग्राम संसदीय सुनुवाइ बिना भारतमा लगियो। यो किन? यो राम्रो होइन। यसबारे सरकारको जवाफ मागिरहेकै छौं। बेवास्ता किन भइरहेको छ। नेपाली सेना जस्तो पवित्र सङ्गठन, त्यो सुरक्षा निकाय ठेक्कापट्टातिर नलगाऔं। बरु देशको सिमाना सुरक्षाको निमित्त सिमानातिर तैनाथ गरौं। यसले पो हामीलाई भलो गर्ला त।देशमा धेरै नाफा आर्जन गर्ने संस्थानहरू नागरिक लगानी कोष, आयल निगम जस्ता संस्थानहरूलाई हामीले पुरस्कृत गर्नुपर्छ। तर देशलाई धेरै नोक्सान पुर्याउने संस्थानहरू नेपाल वायुसेवा निगम, दुग्ध विकास संस्थान जस्ता थुप्रै संस्थानहरू छन्।यसको पुनर्संरचना छिटो गरौं।

सम्माननीय अध्यक्षमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु।सम्माननीय अध्यक्ष महोदय, म अब विषयगत मन्त्रालयअन्तर्गत प्रवेश गर्दैछु।विषयगत मन्त्रालयतिर प्रवेश गरेर टिकाटिप्पणी गरेर यो धेरै सार्थकता छैन। किनभने बजेट पास भइसकेको छ। हामीले केवल छलफलको लागि छलफल मात्रै छ। यसको सारतत्व यहाँ छैन। त्यसैले तैपनि म थोरै भए पनि बजेटमाथि आफ्ना धारणा राख्न चाहन्छु।सर्वप्रथम, वित्तीय हस्तान्तरणतर्फ कर्णाली प्रदेशलाई १६ अर्ब बजेटिङ भएको छ।अरू प्रदेशलाई भन्दा यो २ अर्बले बढी छ। सायद यो इतिहासकै पहिलो होला।कर्णाली प्रदेशलाई अरू प्रदेशभन्दा बढी रकम छुट्याइएको यो समय। त्यसैले यो सरकारलाई म धन्यवाद दिन चाहन्छु।यो बजेटमाथि म समर्थन गर्न चाहन्छु।एसईई परीक्षामा सामुदायिक विद्यालयबाट ८८.१२% विद्यार्थीहरू अनुत्तीर्ण भए।यो अत्यन्तै दयनीय अवस्था हो।यसलाई सुधार गर्नको निमित्त सरकारले समयमै पहलकदमी लिन आवश्यक छ। यो अवस्थाले निजी शैक्षिक क्षेत्र फस्टाउने र सरकारी क्षेत्र ओझेलमा पर्ने खतरालाई सरकारले सुल्टयाउनैपर्दछ।समृद्धिको आधार

शिक्षामा गुणात्मक सुधार कार्यक्रम घोषणा भएको छ। यो नवीन योजना हो। यो शिक्षामा उन्नति हुन्छ कि भन्ने आशा यसले जगाउँछ। दलित विद्यार्थीलाई दिवा खाजामा वृद्धि भएको छ। दलित, अल्पसङ्ख्यक, लोपोन्मुख, पिछडिएको क्षेत्र, आर्थिक रूपले विपन्न एवम् अटिजम लगायतका अपाङगता भएका तथा बाल सुधार गृहमा रहेका विद्यार्थीहरूका लागि शिक्षाको विशेष कार्यक्रम संचालन गरिनु यो राम्रो पक्ष हो। बुटवल, सुर्खेत लगायतका ठाउँमा मेडिकल कलेजको स्थापना हुँदैछ। र बजेटिङ भएको छ। यसले शुभ सङ्केत देखाएको छ। सबै बालबालिकाहरूलाई आधारभूत शिक्षा प्राप्ति हुने सुनिश्चितता, विद्यालय बाहिर रहेका बालबालिकालाई वैकल्पिक अनौपचारिक शिक्षा प्रदान, एक पालिका एक स्मार्ट विद्यालयको योजनाहरू पनि छन्। उच्च शिक्षामा दलित लक्षित गरिब तथा जेहेन्दार छात्रवृत्ति कार्यक्रममा बजेटिङ भएको छ। यसले दलित विद्यार्थीहरूमा उत्साह छाएको छ।

वैदेशिक रोजगारमा जानेको सङ्ख्या डर लाग्दो छ। यो एकातिर चुनौती, अर्कोतिर अवसर पनि मानौं। यो अवसरलाई सदुपयोग गर्न वैदेशिक रोजगारबाट फर्केका व्यक्तिलाई सरकारले रिटर्नी उद्यमशीलता कार्यक्रममार्फत युवालाई रोजगार प्रदान गर्ने गरी बजेट आएको छ। देशमा रोजगार सिर्जना गर्न रोजगार तथा स्वरोजगारसँग सम्बन्धित प्रधानमन्त्री रोजगार, युवा स्वरोजगार कोष, सिप विकास तालिम तथा रोजगार प्रवर्द्धन लगायतका कार्यक्रमले र बिनाधितो ऋण उपलब्ध लगायतका विषयले कृषि क्षेत्रलाई अलि उत्साहित बनाउने देखिन्छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा बजेटिङ छ। कृषि लगानी दशकको घोषणा गरिएको छ। त्यहाँ पनि बजेटिङ भएको छ। कृषि कर्जामा ब्याज अनुदान छ। शारदा नदी, सल्यान, रुकुमको शारदा नदी आसपासलाई कृषि करिडोर, जुम्लालाई मार्सी धान करिडोर कार्यक्रमहरूमा बजेटिङ भएको छ। यसले राम्रो सन्देश प्रवाह गरेको छ। समृद्ध कर्णाली उद्यमशीलता कार्यक्रम, एकीकृत कर्णाली सिचाँइ विकास आयोजना, आर्थिक सामाजिक सशक्तीकरण कार्यक्रमहरूमा बजेटिङ भएको छ।। यसले पनि राम्रो सन्देश दिएको छ। लुम्बिनी प्रदेशमा कृष्ण सेन इच्छुक सञ्चार ग्राम स्थापना हुँदैछ। यसले राम्रो सन्देश दिएको छ। म यत्तिकैमा अन्त्य गर्छु। हस्त। धन्यवाद। लाल सलाम।

<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य राधेश्याम पासवान ।समय १० मिनेट। त्यस पछाडि माननीय सदस्य जित जंग बस्नेत।

(१५:२२ बजे)मानानीय श्री राधेश्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम भर्खरै देशमा विभिन्न स्थानमा चट्याङ्ग लागेर पहिरो, डुबान, कटानमा मृत्यु हुने मृतकलाई श्रद्धासुमन अर्पण गर्दै घाइतेहरूलाई शीघ्र स्वास्थ्य लाभको कामना साथै राहत प्रदान गर्नको लागि सरकारलाई ध्यानाकर्षण गर्न चाहन्छु। सल्यान जिल्ला त्रिवेणी गाउँपालिका वडा न.६ लुहानस्थित पब्लिक बोर्डिङ स्कुल कक्षा ६ मा अध्ययनरत छात्र अरूण विकलाई शिक्षक चक्र बहादुर डाँगीले निर्घात कुटपिट गरेर घाइते बनाएको छ। र वहाँलाई तुरुन्त क्षतिपूर्ति प्रदान गरोस् र कुटपिट गर्ने शिक्षकलाई सरकारले कारवाही गरोस् भन्ने अध्यक्षज्यूमार्फत सरकारलाई ध्यानाकर्षण गर्न चाहन्छु।

अध्यक्ष महोदय, विनियोजन विधेयक २०८१ का विभिन्न मन्त्रालयका शीर्षकमाथि छलफलमा भाग लिएका छौं। र यो विनियोजन विधेयकलाई म समर्थन गर्दछु।अध्यक्ष महोदय, यो विनियोजन विधेयकलाई समर्थन गर्दै यहाँ २ दिनदेखि केही राजनीतिक घटनाहरू घटेका छन्। र यो राजनीतिक घटनामा हामीहरूले समीकरण पनि फेरबदल हुने सम्भावना छ र त्यसमा आज यसो हेर्दाखेरि २ जना मन्त्री मात्र उपस्थित हुनुभएको छ। त्यसमा वहाँ मन्त्रीहरू नडराएर आउनुभएको छ। अरू मन्त्रीजीहरूलाई डराउनुभयो। किनकी ७ वटा मन्त्रालयको विषयमा छलफल छन्। २ जना आउनुभयो, ५ जना आउनुभएन। वहाँहरूलाई पनि धन्यवाद छ। त्यसकारणले म एउटा केही कुरा भन्न चाहन्छु। किनकी यो व्यवस्थामाथि नै खतराको कुरा हो।र यो व्यवस्थाकै आधारमा समानुपातिक समावेशी सिद्धान्त र यो जुन हाम्रो संघीयताको विषय यसलाई केही संशोधन गर्ने समझदारीहरू, मिडियाहरूको मार्फत आईरहेको छ। त्यसैले यसमाथि अलि खतरा प्रहार भएको छ। संजोग कस्तो थियो भने हामीले त चाहेको थियो- यो कम्युनिष्टहरूको गठबन्धन लामैसम्म टिक्छ।

अब केही मित्रहरूले भनेका थिए यो गठबन्धन पक्कै टिक्दैन।तर हाम्रो सोच थियो कि टिक्छ, लामै जान्छ। तर यसो हो के- म एउटा सायरबाट शुरु गर्न चाहन्छु- हमें तो अपनो ने लुटा, गैरों में कहाँ दम था, मेरी किस्ती थी डुबी वहाँ, जहाँ पानी कम था।साथी यो मौसम २ दिनदेखि एकदम वर्षात् आएको छ। बाढी, पहिरो छ। त्यसैकारणले यही २ दिनमा हाम्रा विपक्षी साथीहरूले नयाँ गठबन्धन बनाएर राम्रो गर्नुभएछ। आज तपाईंहरू विपक्षीमा हुनुहुन्छ। भोली फेरि हामी विपक्षीमा बस्छौं।त्यसको लागि तपाईंहरू हाम्रो कुर्ची अलिकति सुरक्षित गरिदिनुहोला।धन्यवाद छ तपाईंहरूलाई, हामी चाँडै आउँछौं यतातिर।त्यसमा आत्तिएको छैनौं। तर आत्तिएको कहाँ छौं भने जुन समानुपातिक व्यवस्थालाई र धर्म निरपेक्षता व्यवस्था र यो समावेशीको सिद्धान्त र गणतान्त्रिक

व्यवस्थालाई जुन यो ४ पिलरहरूलाई तोड्ने काम जुन गर्न खोजेका छन्, त्यहाँ आपत्ति छ र त्यसलाई रोक्नको लागि हामी सचेत हुने छौं। र त्यसलाई रोक्नका लागि धेरै युवा, महिला, विद्यार्थी र वृद्धहरूले सहित यो देशमा बलिदानी दिएका छन् र यो बलिदानीको फलस्वरूप यो व्यवस्था आएको हो र त्यस व्यवस्थालाई पल्टाउन कसैले यदि साहस गर्छ भने त्यो कदापि राम्रो हुनेछैन भन्ने म आग्रह गर्दछु।र यो आग्रहसाथ म एउटा के भन्न चाहन्छु भने भर्खरै हाम्रो जिम्मेवार माननीयज्यूले र वहाँ मन्त्री पनि हुनुहुन्छ वहाँले भनेर जानुभयो समानुपातिक व्यवस्था यो व्यवस्था राम्रो होइन यो हटाउनुपर्छ र यो व्यवस्थाको कारणले धेरै जटिलता भयो। म एउटा गरिब सांसदहरूको नाम लिन चाहन्छु यहाँ मञ्चबाट। र यो समानुपातिकमा अहिलेसम्म धेरै प्रतिनिधित्व छ तर केही व्यक्तिहरूको म नाम लिन चाहन्छु वहाँहरू धेरै गरिब हुनुहुन्छ। र यो व्यवस्थामा नै वहाँहरू सांसद भएर आउनुभएको हो।त्यसकारण म सर्वप्रथम त आरजु देउवाज्यू नै आउनुभएको थियो समानुपातिक व्यवस्थामा, त्यसपछि मञ्जु खाँण आउनुभएको थियो यो व्यवस्थामा। त्यसपछि गोपालमान श्रेष्ठ आउनुभएको थियो यो व्यवस्थामा।त्यसपछि भर्खरै माननीयज्यूले बोलेर जानुभयो तुलसा थापा आउनुभएको थियो यो व्यवस्थामा। त्यस्तै डा. मिनेन्द्र रिजाल, विमलेन्द्र निधि, रघुजी पन्त, विद्यादेवी भण्डारी लगायत सांसदहरू, यो गरिब सांसदहरू यो व्यवस्थामा आउनुभएको छ चुनिएर। के यो व्यवस्था राम्रो होइन? जुन आज यहाँ बसेका माननीयज्यूहरू हुनुहुन्छ- दलितका प्रतिनिधित्व गर्ने, महिलाको प्रतिनिधित्व गर्ने, जनजातिका प्रतिनिधित्व गर्ने, मुसलमानको प्रतिनिधित्व गर्ने। यो व्यवस्थाको कारण आएको हो।नत्र आउने थिएन। त्यसकारण यो व्यवस्थालाई नै खारेज गर्ने जुन सोँच हो। यो सोँच राम्रो होइन। संविधानमा त आरक्षणको व्यवस्था थियो। जुन भारतबाट नै हाम्रो संविधान पनि बनेको हो। भारतको संविधान बनाएको डा. अम्बेडकर साहेबले त्यसमा आरक्षणको व्यवस्था। तर हाम्रो नेताहरूले समानुपातिक व्यवस्थालाई नै आरक्षण हो भनिराखेको छ।त्यहाँ पनि धेरै विद्वानहरू थिए। डा. भीमराव अम्बेडकर तपाईंको ३० वटा विषयमा मास्टर डिग्री गर्नुभएको थियो।र त्यहाँ तपाईंको डा. राजेन्द्र प्रसाद, त्यहाँ तपाईंको धेरै वरिष्ठ नेताहरू हुनुहुन्थ्यो तर पनि संवैधानिक भूमिका निर्वाह गर्‍यो। हाम्रो देशमा ७/७ पटक संविधान बन्ने अनि फेरि यो व्यवस्था राम्रो होइन भन्ने। त्यसकारण केही अधिकार पाएको छ। त्यसलाई पनि हटाउने जुन चेष्टा छ त्यो कदापि सह्य हुँदैन भन्ने म आग्रह गर्दै अध्यक्ष महोदय, म केही आफ्ना बजेटका विचारहरू राख्न चाहन्छु।

बजेटमा सर्वप्रथम त श्रम, रोजगार सामाजिकमा राख्न चाहन्छु। ८ अर्ब ९ करोड छुट्याएको थियो तर मन्त्रीज्यू हुनुहुन्न। विदेशमा श्रम गर्न धेरै युवाहरू विदेश गएका छन्। तर त्यो युवाहरूलाई हामीले कसरी संरक्षण गर्ने? र युवाहरू अर्को देशबाट गएका विदेशमा युवाहरू तपाईंको बढी तलब लिन्छन् तर हाम्रै नेपालबाट गएका युवाहरूले कम पारिश्रमिकमा काम गरेका छन्। त्यसलाई कसरी व्यवस्थित गर्ने हो? श्रम मन्त्रालयबाट यसलाई व्यवस्थित गरोस् भन्ने आग्रह गर्दै मैले यहाँ मन्त्री हुनुहुन्न, कहीं वहाँको कर्मचारीहरू आउनुभएको छ भने सुन्नुस् कि हाम्रो युवाहरूलाई सुरक्षित गर्दै र बढी तलब कसरी हुन्छ श्रम स्वीकृति गर्नको लागि जुन अन्तर्राष्ट्रिय मापदण्ड त्यो अनुसार पाओस् भनी म माग गर्न चाहन्छु।

यस्तै अध्यक्ष महोदय, शिक्षा मन्त्रीजी पनि आउनुभएको छैन। २ खर्ब ३ अर्ब ६० करोड बजेट छुट्याएको छ। संविधानको धारा ३१ मा मौलिक हक अनुसार प्रत्येक नागरिकले आधारभूत माध्यमिक शिक्षासम्म निःशुल्क व्यवस्था गरिएको छ। तर हामीले कुनै न कुनै बहानामा पैसाहरू उठाउने कामहरू भएको छ। त्यसलाई हामी रोक्नुपर्छ। र उपधारा (३) मा अपाङगता भएका र आर्थिक रूपले विपन्न भएका व्यक्तिलाई उच्च शिक्षामा निःशुल्क पाउने व्यवस्था गरेको छ। तर हामीले व्यवहारमा लागू गरेको छैन र यसलाई हामीले कसरी व्यवहारमा लागू गर्ने र कसरी दिने हो भने यो तुरुन्त व्यवस्था गर्नुपर्छ। त्यसका लागि शिक्षा मन्त्रीज्यू हुनुहुँदैन। संविधानको धारा ४० मा दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहितको निःशुल्क व्यवस्था गरेको छ। तर अहिलेसम्म पाएको छैन।यो कहिले पाउने हो? यो संविधानमा मात्र लेखेर हुने हो कि पाउने व्यवस्था पनि गर्ने हो? त्यस्तै उपधारा (३) मा प्राविधिक र व्यावसायिक शिक्षा उच्च तहसम्म निःशुल्क व्यवस्था इन्जिनयरिङमा, डक्टरीमा। तर अहिलेसम्म तपाईंको न्यूनमा, झिनोमा मात्र दलितहरूले पाएको छ, औंलामा गनेर। बढी अर्कै हाम्रा समुदायका मान्छेहरूले पाएका छन् जस्तो टिचिङमा छ व्यवस्था, नाम भन्ने हो भने उच्च जातिकै मान्छेहरूले पाएका छन्। दलितहरूले एकदम नामको मात्रै डक्टर र इन्जिनियर पाएका छन्। जे संविधानमा लेखेको छ त्यसलाई हामीले तुरुन्त लागू गर्नुपर्छ।अर्को जुन बजेट आएको छ । एउटा राम्रो पक्ष के हो भने प्रत्येक कलेजमा मेडिकल कलेज खोल्ने अवधारणा आएको छ। र बजेट पनि छुट्याएको छ। केही अध्ययन पनि भइरहेको छ। त्यो राम्रो पक्ष हो। तर राम्रो हुँदाहुँदै पनि मेडिकल कलेजमा अहिलेको अवधारणा के हो भने पढ्नको लागि १०० वटा विद्यार्थी मात्रै हामीले दिन्छौं। ७ वटा प्रदेशमा दियौं भने ७०० विद्यार्थी चिकित्सा शिक्षा आयोगले के व्यवस्था गरेको छ भने अहिलेको अवस्था तपाईंको १०० जना

एउटा मेडिकल कलेजले पढाउने व्यवस्था गरेको छ। तर हामीले ७०० सरकारी भयो भने पढाउने हो।यो अलि पुगेन।यसलाई हामी अझै बढाउनुपर्छ। जस्तै हाम्रा विद्यार्थीहरू प्रत्येक वर्षमा १५००० विद्यार्थी परीक्षा दिन्छ। पास हुने ८००० हो। हाम्रो देशमा नाम लेखाउने २०००। हामी भन्छौं अरू विद्यार्थी के गर्दै हो? आई. एससी. पास गरेर कोर्स तयारी गरेर पैसा तिरेर पनि पढ्न पाउँदैन, विदेश जान्छ। अनि हामी भन्छौं विदेश गयो, विदेश गयो।त्यसकारण हामीले यसलाई सुधार गरौं। हाम्रो शिक्षामा पनि हब बन्न सक्छ नेपाल। र विदेशी विद्यार्थीहरू पनि नेपाल आउनसक्छ।भर्खर हामीले भिसाको सुरुवात गर्यौं। यति दिनसम्म हामी सुतेका थियौं।त्यसकारणले हामीले भिसाको भर्खर सुरुवात गर्यौं। यो राम्रो हो।र आफ्नो विद्यार्थीलाई पनि हामीले डक्टरीको मात्र कुरा गरेको हो। हाम्रा ४०००/५००० विद्यार्थी तपाईंको पास भएर पनि पढ्न पाउँदैन। कोर्स तयारी गरेर पनि पढ्न पाउँदैन। यो किन? केका लागि? पैसा तिरेर पनि पढ्न पाउँदैन। त्यसकारण यसलाई हामी सुधार कसरी गर्ने हो गरौं। अर्को के छ भने +२ सम्म हामीले सरकारी दरबन्दी गरेकै छैनौं। हामी त निःशुल्क भन्यौं। तर दरबन्दी दिएको छैन। अनि निःशुल्क कसरी हुन्छ। कम्तीमा त +२ मा त हामी दरबन्दी दिनपर्यो नि। दरबन्दी नै छैन हाम्रो। यसलाई हामीले दरबन्दीमा कसरी गाभ्ने हो भनी व्यवस्था गर्नुपर्यो। अब एउटा अर्को आएको छ। बुँदा नं., हाम्रो यो शिक्षा मन्त्रालयको बजेटको बुँदा नं. १४२ मा। कक्षा ६ देखि १२ मा दलित लगायतका छात्र छात्रा विपन्न छात्रवृत्ति दिइनेछ भनेर। यो के हो म कुरै बुझिनँ।यो विपन्नको परिभाषा के हो? हाम्रो संविधानले त दलित भनेको छ, जनजाति भनेको छ, मुस्लिम भनेको छ, खस आर्य भनेको छ, सबै जना किटान गरेको छ।दिनु छ भने त्यो किटान गरेर दिनुस् न तपाईंहरू। विपन्न र यो त्यो किन भन्नुहुन्छ? त्यसकारणले अब अरू विषयमा जान सकिएन। अन्तमा कृषि मन्त्रीजी यहीं हुनुहुन्थ्यो। कृषिमा मलखादको व्यवस्था गर्नुभएको राम्रो हुन्थ्यो। सबैभन्दा तपाईंको मलखाद पुग्दैन हाम्रो तराईमा। सिचाँइमा व्यवस्था गर्नुपर्थ्यो।

<u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य जित जंग बस्नेत।समय १३ मिनेट।त्यस पछाडि माननीय सदस्य माया प्रसाद शर्मा ।

(१५:३३ बजे)<u>माननीय श्री जित जंग बस्नेत (नेपाली काङ्ग्रेस)</u>ः-धन्यवाद अध्यक्षज्यू, यो विनियोजन विधेयकसम्बन्धी छलफल कार्यक्रममा बढी मेहनत गरियो।३/४ दिनदेखि मेहनत गरेर

लिखित रूपमा ल्याइयो। तर यो छलफल राजनीतिक नै हुन्छ भने त्यही अनुसार गरेर आउनु हुन्थ्यो। तर म चाहिँ विषयवस्तु समयसम्म मसँग मिल्छ भने समय बढी भयो भने चाहिँ राजनीतिमा आउँछु। नभए चाहिँ मेरो विषयवस्तु चाहिँ मैले कृषि तथा पशुपंक्षी विकास मन्त्रालय अन्तर्गत लिएको छु। यसमै चाहिँ म केन्द्रीकृत भएर बोल्न चाहन्छु।

म पहिला सर्वप्रथम त म माननीय आनन्द ढुंगाना तथा पदम बहादुर परियारजीहरूले ल्याएको खर्च कटौती प्रस्तावप्रति मेरो पूर्ण रूपले सहयोग र समर्थन गर्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू, जय नेपाल। अर्थमन्त्री माननीय वर्षमान पुनज्यूलाई नेपाल सरकारकोतर्फ बाट आर्थिक वर्ष ०८१/८२ का लागि ल्याएको १८ खर्ब ६० अर्ब ३० करोड बजेटको कृषि तथा पशुपंक्षी मन्त्रालयको लागि ल्याएको नीति, कार्यक्रम ५७ अर्ब २९ करोड बजेट विनियोजन गरेको सम्बन्धमा बोल्ने अवसर दिनुभएकोमा मेरो पार्टी नेपाली कांग्रेसको तर्फबाट अध्यक्षज्यूमार्फत् धन्यवाद दिन चाहन्छु। अध्यक्ष महोदय, यो बजेट ५ उद्देश्यमध्ये उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्नु र ५ प्राथमिकता परेको कृषि क्षेत्र ५ रुपान्तरणमध्येको कृषि क्षेत्रको रुपान्तरणमा राखेको कृषि क्षेत्रको बजेटको ३% र कुल गार्हस्थ्य उत्पादनको १% बजेट छुट्याउँदा यो सरकारको असली चेहरा देखिएको छ। यो ढाँटले, भ्रष्टाचारले, सरकारले भ्रष्टाचार, नातावाद, कृपावाद र कार्यका वाद मात्रै भित्र्याएको छ। कृषि क्षेत्रमा लोकप्रिय, क्रान्तिकारिता र क्रमङ्गता टुकुचाको खोला जस्तै गन्हाएको देखिन्छ। र जनतालाई ढाँट्ने, चील आयो, चील आयो भनेर लुट्ने नीतिले कुल गार्हस्थ्य उत्पादनको २६% योगदान दिने कृषि क्षेत्रमा १% बजेट विनियोजनले सम्पूर्ण कृषकहरूको उपाहास र अपहेलना गरेर झन् मनोबल गिराउने प्रयास गरेको यो सरकार र यसको कृषि विनियोजनप्रति मेरो पार्टी नेपाली कांग्रेसको तर्फबाट विरोधस्वरूप गलत भो सरकार भन्न चाहन्छु, ढाँट नगर सरकार भन्न चाहन्छु, उपाहास नगर कृषकलाई भन्न चाहन्छु। अध्यक्ष महोदय, कृषि नेपालको अर्थतन्त्र र नेपालको खुसी, सुखी र सम्पन्नताको आधार मान्दै आएका छौं, भन्दै पनि आएका छौं, देख्दै र लेख्दै पनि आएका छौं हामीले। १५औं र १६औं पञ्च वर्षीय योजनामा यसलाई प्राथमिकतामा राख्दै आएको पनि छ। प्रत्येक वर्ष २१ अर्बको धान मात्रै आयात गर्दै आएको छ। यो भनेको कृषि बजेटको ३७% हो। यसले के भन्छ- सरकार नालायक भयो भन्छ। यसैले के भन्छ- कम्युनिष्ट सरकार कमाउनिष्ट, कमाउने धन्दामा लाग्यो भन्छ। यसले के भन्छ-सरकार विदेशी गुलाम भयो भन्छ। यसले के भन्छ- कृषि मृत्यु शय्यामा छ भन्छ। यसले के भन्छ- कृषिम भ्रष्टाचार भयो भन्छ। यसले के भन्छ- कृषि मन्त्रालय असफल भयो भन्छ। यस्तो कनिकाको बजेट छरेर कृषि उत्थान हुन्छ सरकार? नेपाली

जनताले कृषिमा आत्मनिर्भर बन्छ र सरकार? यो सत्यलाई स्वीकार गर सरकार। कृषिलाई उपहास नगर सरकार।यसले नेपाली कृषकलाई डुबाउनतिर नलाग। कृषि पेशाबाट भाग्ने नबनाउ। चाँडोभन्दा चाँडो उत्पादन बढाउने काम गर। २१ अर्बले कृषिप्रधानलाई गिज्याउने आयात न्यून गर सरकार।

आदरणीय सम्माननीय अध्यक्ष महोदय, कृषिको व्यवसायीकरण र आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न कृषिमा लगानी वर्ष दशक घोषणा गर्ने सरकार यो कति सुनौं जस्तो लाग्छ। यो नाराले लगानी आउला जस्तो लाग्छ। यो नाराले कृषि क्रान्ति आउला जस्तो लाग्छ। यसको लागि बजेट विनियोजन नगरेको देख्दा छक्याएको जस्तो लाग्छ। जनतालाई झुक्याएको जस्तो लाग्छ। फेरि एकपल्ट अल्पकालीन सुगा सरकारले फेरि एक दशक गीत गाए जस्तै लाग्छ। यसको कार्यान्वयन सपनाको महल जस्तो लाग्छ। यो नाराले यो सरकार कृषि र कृषि विरोधी भएको स्पष्ट छ। कृषि प्रधान देशमा कृषि र कृषकको विरोधी सरकार चाहिँदैन। कृषिप्रति ठट्टा गर्न पाइँदैन। कृषकलाई रुवाउन पनि पाइँदैन।अध्यक्ष महोदय, ठुला ठुला नारा दिने, कृषकलाई समयमा मल नदिने सरकारको अनुहार उदाङ्गो भएको छ। सरकारले आधा बजेट करीब २७ अर्ब ९५ करोड मलखाद आपूर्ति राखेको छ।धान रोप्ने बेलामा मलको गोदाम खाली हुने, खेतमा जाने बेलामा कृषक मलको चिन्तामा रहने, सरकार भने गृह मन्त्रीलाई जोगाउँदै, प्रधानमन्त्रीको श्रीमतीको नाममा कलेज चलाउँदै मख्ख छ।प्रधानमन्त्रीजी तपाईं त रामपुर कृषि पढेको मान्छे, भनिदिनुहोला बिनामल उत्पादन कसरी हुन्छ? बिनामल उत्पादकत्व कसरी बढ्छ? सरकारले बोलिदिनुपर्यो। यो बजेटले राखेको उद्देश्य, प्राथमिकता र रुपान्तरणको गफ के होला? कृषकले मल नपाएपछि सकिहाल्ने र भ्रष्टाचार हुने बजेटमा सरकारको हिस्सा कति छ? परिवारको हिस्सा कति छ? कार्यकर्ताको हिस्सा कति छ? यो हिस्सै हिस्साको सरकार भयो।लाज लाग्छ यस्ता कुरा गर्दा कृषिलाई लुट्न छोड्नुपर्छ। नभए लोकतन्त्र रुन्छ। देश बर्बाद हुन्छ। अर्थतन्त्र कंगाल हुन्छ सरकार।

अध्यक्ष महोदय, यो सरकार लुट महालेखा परीक्षण प्रतिवेदनले खोलेको छ। भारतबाट रासायनिक मल खरिद गर्ने नेपाल सरकारको कृषि तथा पशुपंक्षी मन्त्रालय र भारत सरकारको केमिकल एण्ड फर्टिलाइजर मन्त्रालयबीच २०७८ सालमा भएको सम्झौता अनुसार १५० लाख मल आपूर्ति गर्ने भन्ने यो वर्ष १०६,३३६ दरले ३०,५९३ मेट्रिक टन युरिया मल मात्रै प्राप्त भयो।ग्लोबल टेण्डर गर्दा लागत मूल्य ८७,७६९ रहेकोमा जीटूजीमार्फत खरिद गर्दा लगत दर

उच्च भएको लक्ष्यअनुसार रासायनिक मल आपूर्ति नभएको देखियो। अनुदान दिने नाममा, जीटूजीको नाममा ५६ करोड इवाम भयो। कृषकको सरकार भन्ने उनकै नाममा विनियोजन भएको बजेट २ सरकारबीच भएको सम्झौता औपचारिक, नीतिगत र प्रक्रियागत भ्रष्टाचार गरेर इवाम गर्ने, लुट गर्ने अनि भाषण र नारामा कृषि उत्थान गर्ने भन्न लाज लाग्दैन। यो दरिद्र मानसिकताको पराकाष्ठा पनि हो। यही नाममा भजाउने, जनता झुक्याउने, स्रोत साधनको दुरूपयोग रोक्न नसक्ने, संसदमा खिसीट्याउँ गर्ने, भ्रष्टाचार नरोक्ने, यो बजेटमा यसलाई सुधारका लागि न कार्य योजना छ। न संरचनागत कुरा छ। यस्ता बकम्फुसे मौनता छाड सरकार। गर्न नसके सरकार छोडे पनि हुन्छ।

अध्यक्ष महोदय, नेपालमा उत्पादन र उत्पादकत्व बढाउने नाराभित्र कमिशन छ। हाइब्रिड धान र गहुँको नाममा कमिसन आएको छ। एकपल्ट बाली लगाएपछि जग्गा बिगारिराखेको छ। लगत खर्च बढाएको छ। कृषि विदेश कम्पनीमा भर पर्नु पर्यो भनेर रोएको छ। कृषि विभिन्न रोग निम्त्याउन र व्यवसायीकरणका नाममा उच्च दरका ४८ थरीका विषादि आयात भएका छन्। विदेशबाट औजारीकरण र औजार आयात पनि त्यत्तिकै मात्रामा छ। माटो नेपाली, मन नेपाली अरू सबै विदेशी कम्पनीमा निर्भर हुनको लागि प्रधानमन्त्री कृषि आयोजना र कृषि अनुसन्धानका लागि ३ अर्ब ५२ करोड बजेट विनियोजन गरेको छ। विदेशी कम्पनीमा सबै आयस्रोत आयात गर्ने हो र कृषि उत्पादन पनि आयात गर्ने हो भने यो बजेट र अन्य अनुदान किन दिनुपर्यो र? यो भन्दा सजिलो कृषि मन्त्रालय खारेज गरौं। चाहिने कृषि उपजहरू सिधा आयात गरौं। २ पैसा बचाऔं, राष्ट्रिय ढुकुटी बचाऔं, हैन भने देशको ढुकुटी लुट्न र लुटाउन पाइन्न। देशको ढुकुटी कब्जा गरेर सरकार बसेको छ। कार्यकर्तालाई वितरण गर्न जङ्गली स्वभाव छोडेको छैन। यसको मूल्याङ्कन गरौं। यो परनिर्भरता हटाऔं। कृषिलाई आवश्यक पर्ने साधन, स्रोत जुटाऔं। नत्रभने यसको आफ्नो दोगलापन, वैचारिक कङ्गाली ..... नगरौं। नत्रभने हामीलाई पनि लाज लागेर भन्नुपर्ने हुन्छ यो सरकारको नालायकीपन।

अध्यक्ष महोदय, कृषकलाई अनुदान प्रोत्साहन दिन नाममा नक्कली कार्यक्रम मात्र वितरणले कृषि सुधार भएको छैन भन्ने अवस्था फेरि देश र जनताको लागि कर्जा बढाएर अनुदान बाँड्ने कार्यक्रम राखेर अर्बौं रुपैयाँको आफ्नो कार्यकर्तालाई बाँड्ने पार्टी र कार्यकर्ता मोटाउने काम बन्द गर। बजार चल्न पनि देउ। कृषकलाई ठिंगा देखाउने काम बन्द गर। कृषि र कृषकलाई सरकारमुखी नबनाउ। यो गर्दा कषक मनस्थिति कृषक हुनुभन्दा कार्यकर्ता हुनु फाइदाको तर्क गर्छ। कृषि गर्नुभन्दा नगर्नु अनुदान आउँछ भन्ने लाग्छ। कृषिको करीब ३० अर्ब आयातले सरकार

निकम्मा सावित भएको छ। सरकारको नियत व्यक्तिवादी भयो। सरकारको कार्यक्रम कार्यकर्तालाई दशैं आयो, दशैं आयो जस्तो भयो। सबै योजना कागजमा सीमित भयो। यस्तो आश्वासनले लोकतन्त्र ठालुतन्त्रमा परिणत भयो। यो बजेटमा यसको निरन्तरता छ। भ्रष्टाचार गराउन १०० वटा भन्दा बढी कार्यक्रमहरू आएका छन्। यसले कृषि उत्थान होइन, ह्रास आउने देखिन्छ।कर्जाको रकम दुरूपयोग गर्दा लाज लाग्दैन सरकार? म भन्न चाहन्छु। साथसाथै, सरकारले गाँजालाई कार्यक्रममा स्थान दिएको छ। राम्रो भनौं या नराम्रो भनौं। काठमाडौंमा हल्ला भयो, गाँजाको सल्लाह भयो। १० वर्षे जनयुद्धमा गाँजाको उपयोग भएको हो भन्ने हल्ला थियो।

(१५:४२ बजे)<u>पुनः पीठासीनः</u>-सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहाल।

<u>माननीय श्री जित जंग बस्नेत (नेपाली काङ्ग्रेस)</u>ः-त्यसैको छलाङ जस्तो लाग्छ। विश्वलाई नियाल्दा अफगानिस्तानको कथा हाम्रो सामुन्ने छ। मेक्सिकोको कथा हाम्रो सामुन्ने छ। ल्याटिन अमेरिकाको कथा हाम्रो सामुन्ने छ। अफ्रिकाको कथा हाम्रो सामुन्ने छ।हिजोकै कुरा हो। नेपाललाई हिप्पीको देश भन्थे। आर्थिक उपार्जन होला, नहोला तर यसले ल्याउन सक्ने अन्तर्राष्ट्रिय क्षति हिसाबकिताब गरेका छौं कि छैनौं हामीले। गाँजा खाएर नै झोंकमा कार्यक्रम ल्याउँदा देशको आत्मसम्मान गुमाउँदैन भन्न सकिन्न।त्यसकारण सरकारलाई म भन्न चाहन्छु- गाँजा खाएर मात्र कृषिको विकास हुँदैन सरकार। मैले यो अत्यन्त मेहनत गरेर पढेर ल्याएको लिखित रूपमा। अब कतिलाई मन पर्न सक्छ। कतिलाई मन नपर्न पनि सक्छ।

अब यहाँ राजनीतिक कुरा आयो।राजनीतिक कुरामा मसँग समय २ मिनेट १२ सेकेण्ड रहेछ।अब सरकार परिवर्तनको कुरा हो।हामी प्रतिपक्षमा हौं। चाँडोभन्दा चाँडो सरकारले निकास दिनुपर्यो।हामी चाँडोभन्दा चाँडो सरकारमा जान चाहन्छौं।यो प्रष्ट कुरो हो।यसमा प्रष्ट कुरै गर्नपर्यो। जहाँसम्म संविधानको कुरा छ।लोकतन्त्रको कुरा छ।अब धर्म निरपेक्षताको कुरा छ।फ्रिडम अफ स्पीच एण्ड एक्सप्रेसनको कुरा छ।यो काँग्रेसको हिजोदेखिकै कुरा हुन्। यसमा हामी कहिल्यै पनि झुकनौं, कहीं पनि टुटेनौं। हाम्रो यसमा फरक मत केही पनि छैन। हामी यसमै छौं। जहाँसम्म यो बारम्बार धोका दिंदा धोका दिंदाखेरि चाहि दुईटा धोका खाएका व्यक्तिहरू, दुईटा धोका खाएका पार्टीहरू मिलेको हो अहिले चाहिँ।अब काँग्रेस पनि दुईचोटि धोका खायो। एमाले पनि बारम्बार चोटि धोका खायो।अब प्रधानमन्त्रीजी के भन्नुहुन्छ भने- ड्याम्म एउटा खुट्टाले यताबाट हान्छु।

अर्को खुट्टाले उताबाट हान्छु। बल खेल्या खेल्यै गर्छु भन्नुहुन्छ। यो बल खेल्न नदिउँ भनेर चाहिँ यो सहमति र सहकार्य भएको हो।यो उन्नति, प्रगति र विकासकै लागि, समृद्ध देशकै लागि चाहिँ यो भएको हो।जहाँसम्म अघि पनि कुरा आयो मैले अर्थमन्त्रीज्यू र राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्षज्यूका अनलाइनखबरहरू पनि हेरें। म स्पष्ट भन्न चाहन्छु- प्रधानमन्त्रीज्यूले पनि भनिसक्नुभयो। हामी विश्वासको मत लिन्छौं।विश्वासको मत लिँदाखेरि ३० दिन हुन्छ। संविधानले दिन्छ। लिनुहोस्। ३० दिनमा हाम्रो फाइलहरू खोल्नुस्। तपाईंले फाइल खोल्ने भन्नुभएको हैन? हाम्रो फाइलहरू खोल्नुस्।यही कुरा अघि पनि आयो।जहाँ पनि आएको छ। स्वतन्त्र पार्टीले भनेको छ। फाइलहरू खोल्न पर्यो। फाइल खोलौं न त, सबै फाइलहरू खोलौं। कहाँ कहाँ खोल्नुपर्ने फाइलहरू हो।त्यो सबै खोलौं।तपाईंहरूसँग पुलिस प्रशासन छ।बेचन झा समातिएको छ।प्रतीक थापा समातिएको छ।आज फाइल खोलौं। हामी त तयार छौं।रेडी छौं।हिजो पनि रेडी भएको हो। आज पनि रेडी भएको हो।फाइल खोल्ने धम्की नदिऔं। ब्ल्याकमेलिङको राजनीति नगरौं। फाइल खोल्ने हो भने नेपाली कांग्रेसको सरकार आएर फाइल खोल्ने हो।म त्यो पक्षमा छु। सुनका फाइलहरू पनि खोलिन्छन्। के के फाइलहरू खोल्ने हो, खोल्ने हो.....(समय सकिएको)।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य माया प्रसाद शर्मा।समय ११ मिनेट।

(१५:४६ बजे)**<u>माननीय श्री माया प्रसाद शर्मा (सभापति, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति)</u>**:- सम्माननीय अध्यक्ष महोदय, जाजरकोट जिल्लाको भेरी नगरपालिका वडा नं. ५ मा अस्ति गएको पहिरोले वीर बहादुर विश्वकर्माको घर पूर्ण क्षति बनाएको छ। र त्यहाँ रमेश घाइते भएका छन्। रमेशको छोरा हृदयको मृत्यु भएको छ। बाढी, पहिरो, चटयाङ्ग विभिन्न ढङ्गले भएका मृत्युप्रति म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु।र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। र उपचारको लागि राज्यले पहल गरोस् भन्न चाहन्छु।

अध्यक्ष महोदय, हामी सरकारको विनियोजित बजेटमाथि हामी छलफल गरिराखेका छौं। यो छलफल अनौठो छ।गइर सरकारी हो कि सरकारी हो हामी यहाँ उपस्थित भइराखेका छौं।एकतिर सहमति भइराखेको छ।जो सरकार बनाउनुहुन्छ यहाँ बडो मज्जाले उफ्रिराख्नुभएको छ। जसले संयमित हुनुपर्ने हो उ उफ्रिनुपर्ने, जो संयमित हुनुपर्नेछ त्यो नरम हुनुपर्ने स्थिति सिर्जना भएको स्थिति छ। सायद वहाँ घरपालुवा भएको हुनाले .....चर्छन् होला।हामी कहिलेकाहीं जङ्गलतिर

गएको वहाँहरूको भाषामा, गाउँतिर गएका मान्छेहरूको अलि केही संयमित हुने, सबैसँग मिल्ने, अलि धेरै मिल्छन् भन्ने आरोप पनि छ। अब धोका खाएकाहरूको बीचको एकता भयो भन्ने पनि छ। फेरि धोका खाएकाहरूको बीचको फेरि अर्को एकता हुन्छ। धेरै स्थायी हुने परिस्थिति अवश्य पनि छैन। अरूले धोका खाएकाहरू फेरि मिलेर जान सकिन्छ। मिलेर जाने स्थिति हुन्छ। यसकारणले म यसलाई अहिले यत्ति भन्न चाहन्छु। र यो बजेटको हिसाले विभिन्न मन्त्रालयगत छलफल चलिराखेको छ। यहाँ सञ्चार मन्त्री हुनुहुन्छ। सञ्चार मन्त्री अब फेरि जाने बेला पनि भएको छ। राम्रो गरेर जानुभएको छ। ठीकै छ। अब फेरि मैले राम्रो मानेर मात्र होइन होला। अरूले पनि अहिलेसम्म त्यति कमेण्ट गरिराखुभएको स्थिति छैन। तर मलाई एउटा मात्र छ यो सञ्चार मन्त्रीज्यूले यो एउटा प्रविधि दशक जो एउटा राम्रो कार्यक्रम ल्याउनुभएको छ, यो नेपालको निमित्त आवश्यक छ। यो मोबाइल मन्त्रीलाई लाग्ने, तपाईं बाहेक अरूलाई। समितिमा बोलाएको बेलामा मन्त्रीहरूले त्यो मोबाइल लाग्ने बनाउने, अनि स्वकीय सचिवहरूलाई पनि लाग्ने बनाउने यस्तो कुनै प्रविधिको विकास भयो भने अलि दुःख पाउन कम सकिन्थ्यो कि भनेर भन्ने लाग्छ। र कृषि मन्त्रीज्यूले जो बजेट ल्याउनुभएको छ, खुसी लागेको छ। अब कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरणको विकासमा उठाउन खोज्नुभएको छ, रकम केही कमी छ, अवश्य पनि। र यसलाई अब अलि बढी जोड गर्नुपर्ने देखिन्छ। मैले छोटो छोटो भनें। शिक्षा मन्त्री यहाँ हुनुहुन्न। शिक्षामा गुणस्तर वृद्धि, रोजगारीमूलक व्यवस्थापन र यस्तो व्यावसायिक र प्राविधिक शिक्षाको बारेमा थोरै उठाउन खोज्नुभएको छ। यो ठीकै छ भनेर भन्ने लाग्छ मलाई। र यसमा अरूलाई हेर्दाखेरि अलिकति कानुनमा जो ०२८ सालको कानुनले त्यो विधेयक आउने, आउने भनेर भन्ने रोकिने भएको छ यो किन भएको छ। कानुनमा अलिकति बढी जोड गर्नुपर्ने। शिक्षकलाई अलि अलि तर्साउने कुरा भएको छ, तर्साउनुहुन्न। म पनि ११ वर्ष शिक्षक भएको हुँ। र पञ्चायतले पनि धेरै दुःख दियो। कहिले यता सार्यो, कहिले उता सार्यो, जागिर खायो, घटुवा गर्यो। पछि पनि टाउकोकै मूल्य तोकियो। र यहाँ शिक्षकबाट मैले छोडेर यहाँ आएको छु। तर्साउनेभन्दा वहाँलाई शिक्षामा विकास गर्नदिनु पर्छ। यो ठुलो योगदानबाट आएको छ। शिक्षकहरूले पनि ठुलो बलिदान गरेका छन्। र अरू पनि जन आन्दोलनमा पनि ठुलो सङ्ख्यामा बलिदान भएको छ। त्यसलाई तर्साउनभन्दा त्यसको व्यवस्थापन र उत्साहित बनाउनुपर्छ। १० देखि ४ बजेको टाइमलाई मात्र अलि कन्ट्रोल गर्नेतिर जानुपर्छ भन्ने मलाई लाग्छ। अर्को हामीले हेर्यौं भने कानुन विशेष गरेर ०१३ सालको कानुन विकास ऐन छ, त्यसले धेरै चीज चलाएको छ। र पञ्चायतकालका कानुनहरू छन् जुन अहिले पनि फेरिएका छैनन्। प्रदेशमा प्रहरी समायोजन गर्ने अहिलेसम्म काम भएको छैन। र संविधान निर्माण भयो, ठुलो

आन्दोलन भयो, क्रान्ति भयो। त्यसबाट संविधान अनुकुलका कानुनहरू बन्ने स्थिति बनेको छैन। यसलाई कानुन बनाउनेमा विशेष गरेर सोँच्नुपर्छ। पुरानै ऐन, पुरानै कानुन, पुरानै मूल्य-मान्यता र देशको अर्थ, न्याय, शिक्षा, स्वास्थ्यमा जो प्रणाली चलिराखेको छ, त्यसले नयाँ गति दिन सकेको स्थिति छैन। यसमा हामी कहीँ न कहीँ चुकेका छौँ। यसलाई धेरै सोँच गर्नुपर्ने स्थिति छ। र यो बजेट छुट्याउँदा भूकम्प गएको छ। जाजरकोट लगायतका केही ठाउँहरूमा। हामी सबैलाई थाहा छ। त्यहाँ बजेट छुट्याउँदा केही ध्यान दिएको भए मानवीय क्षतिका हिसाबले केही दिने। पर्सेण्टको हिसाबले घर बनाउने, पुनर्निर्माण गर्ने भनेको छ। तर अरू विद्यालय छ। शिक्षासँग सम्बन्धित विषयहरू, खानेपानी छ, सडक छ, बस्ती विकास लगायतका विषयहरूमा रकम सरकारले छुट्याएको भए एकैपटक त्यसलाई संबोधन गर्न सजिलो हुन्थ्यो जस्तो लाग्छ। यो अलि छुट्याउनमा केही समस्या रहेको छ भन्ने मलाई लाग्छ। यसकारणले यो हामी अहिले अर्थमन्त्रीज्यूले अलि विगतको भन्दा केही हामीले उठाएका विषयहरू संबोधन गर्नुभएको छ। म धेरै खुसी भएको छु। अरू मन्त्रालयबाट त कागज त खर्च भएको छ। लेटरप्याड खर्च भएको छ। सहीको अपमान भएको छ। अलि त्यतातिर ध्यान दिएको भए राम्रो हुन्थ्यो भन्ने लाग्छ। यसकारणले जो उ आएको छ। यो रकमहरू आएको छ। यसलाई अब भनौं विनियोजित भएको छ। यो बजेटप्रति मेरो समर्थन रहन्छ।

र म अब अर्कोतिर छोटोमा म एउटा कुरा के भन्न चाहन्छु भने राजनीतिक परिवेश फरक पैदा भएको छ। हामी त्यसलाई हेर्छौं कि जनयुद्ध, जनआन्दोलनको उसका हिसाबले हामीले ४ वटा कुरा प्राप्त गरेका छौं विशेष गरेर- गणतन्त्र, संघीयता, धर्म निरपेक्षता र समानुपातिक समावेशी प्रणाली। अरू राज्य परिवर्तन हुँदाखेरि ठीकै छ हुन्छ, परिवर्तन हुन्छ, जोसुकैसँग पनि समीकरण हुन्छ, किनभने हाम्रो निर्वाचन प्रणाली, पद्धति नै त्यस्तै छ, भइआएको छ। यसमा जो प्रश्नहरू उठे। जो सम्मझौताका कुराहरू उठेका छन्। यो भनौं- बाखो खानुभन्दा बाघ पल्क्यो भनेर भन्ने कुराको चिन्ता बढी हो। यसकारणले के हुन्छ भने बाघ करायो भनी त अब केही न केही सङ्केत त छ त्यहाँ। हावा नचली पात त फहराउँदैन भनेर भन्ने उखान छ। यो कहीँ न कहीँ, केही न केही उ छ। यिनै ३ वटा, ४ वटा चीजहरू छन्। यिनी उपलब्धिका ४ वटा पिलर हुन्। यिनी कोही पनि ढालेपछि उपलब्धिहरू गुम्छ। यो ठुलो आम्दानीबाट आएको छ। यसलाई मन नपरेर नगर्नुहोला। यसलाई अझ बरु के हो भने गतिवान् बनाउने, प्रशिक्षित गर्ने, कसरी अगाडि बनाउने भन्ने कुरामा अझ बढी ध्यान दिनुपर्छ। यसलाई हटाउनेतिर भन्दा राष्ट्रिय सहमति अर्कैतिर गरौं। बरु राष्ट्रिय सहमति गरौं, राष्ट्रिय सरकारै बनाऔं। ठीकै छ राष्ट्रिय सरकारको कुरा पनि चलिराखेको छ।

अहिलेकै बनेकै प्रधानमन्त्री हुनुहुन्छ। वहाँकै नेतृत्वमा गरौं। ठुलो दलको नेताको नेतृत्वमा गरौं। अरू केही पनि उपाय छैन भने त्यहाँबाट अरू पनि गरौं। सबभन्दा सानोबाट गरौं। राष्ट्रिय सहमतिकै सरकार बनाऔं। तर राष्ट्रिय सहमतिको सरकारले के गर्नुपर्यो भन्दाखेरि वैदेशिक हस्तक्षेपको अन्त्यको बारेमा सहमति गर्नुपर्यो। राष्ट्रिय स्वाधीनताको निर्माणको विषयमा छलफल गर्नुपर्यो। राजनीतिक व्यवस्थामा समयानुकुल परिवर्तनका विषयमा छलफल गर्नुपर्यो। जो परिवर्तन भएर आएको छ। आर्थिक आत्मनिर्भर अर्थतन्त्रको विषयमा छलफल गर्नुपर्यो। यो उल्टो दिशातिरको छलफल जरुरी हुँदैन। त्यो संशोधन जरुरी हुँदैन।यसकारणले हामीले चाहेको हिजो पनि के थियो भन्दाखेरि कहीं न कहीं अन्तर विरोधहरू थिए। अन्तर सम्बन्धहरू थिए।सङ्घर्षहरू थिए। त्यहाँ सम्मझौतामा आएको छ समानुपातिक प्रणाली पनि। हामीले पूर्ण समानुपातिकको कुरा गर्यौं। अरूले पूर्ण प्रत्यक्षको कुरा गर्नुभयो। यसमा सम्मझौतामा यो मिलेर आएको छ। यो सम्मझौताको दस्तावेज हो। यसलाई हामीले के हुन्छ भन्दाखेरि पुरै परिमार्जित गरेर प्रत्यक्षका नाममा आएको उपलब्धिहरूको अन्त्य गर्न खोज्यौं भने यो त्यति संभावनायुक्त छैन। यसकारणले संविधान संशोधन आवश्यक परेको खण्डमा हामीले प्रत्यक्ष निर्वाचित राष्ट्रपतिलाई बनाऔं, हाम्रो साझा हुन्छ, सबैको हुन्छ। हामीले त्यसलाई पूर्ण समानुपातिक प्रणालीमा जाऔं, त्यो सबैको हुन्छ, साझा हुन्छ। नेपाली विशेषताको समाजवाद हामीले जसरी कल्पना गरिराखेका छौं। नेपाली विशेषताको समाजवाद हामी सबैको साझा विषय हो। हामीले संविधानमा लेखेका छौं। संविधानमै लेखेका कारणले ती साझा विषयहरूलाई पनि हामीले उठाउन सक्छौं। यताबाट जाऔं र राष्ट्र स्वाधीन बन्न सक्छ, राष्ट्र एकताबद्ध बन्न सक्छ। कतिले अलि अलि भन्नुहुन्छ प्रधानमन्त्रीले बोलेर भन्नुहुन्छ, कसैले बोलेर बिगार्नुभयो होला, कसैले नबोलेर, कसैले षडयन्त्र गरेर। अवश्य पनि देशलाई कङ्गालतिर नल्याऔं। हामीले के हुन्छ भने बोलेर बिगार्नेले अलि अलि अर्काको एक्सपोज गरिदिन्छ। नबोल्नेले अर्का कहाँ छ थाहै दिंदैन। राती तमासा गर्नेले झन् बिगार्छ। यसकारणले यो के हुन्छ भनेदेखि हामीले यो कुरालाई ध्यान दिएर, हामीले धेरै कुरा सोच्यौ भने के हुन्छ भने मात्र राष्ट्र बन्न सक्छ। पहिले पनि वामपन्थीहरूको एकता हुँदाखेरि हामी खुसी भएका थियौं। प्रजातन्त्र वामपन्थीको पनि ठीकै छ भनेर भन्ने थियो। पछि वामपन्थी एकतामा छ। त्यतिबेला माननीयज्यूहरू भन्नुहुन्थ्यो यो एकताको बाटोमा जाऔं। तपाईंहरूले पहल गर्नुस् भन्नुहुन्थ्यो, आज कसलाई पहल गर्न लगाउनुभयो। तपाईंलाई पनि थाहा छ। यता अर्कोतिर हैन कि हामी त्यतातिर जानुपर्छ। परिवर्तनको पक्षधर भनेर भन्थ्यौं। परिवर्तनको पक्षधर जसले एउटा परिवर्तनको पक्षधरलाई ignore गरेर बहुमतका नाममा हैन फेरि पनि कतै पनि तपाईंले प्रयोग गरिने भाषा जङ्गलको परिकल्पना गर्नुभयो भने त्यो बडो खतरापूर्ण

हुन्छ, अभिशापपूर्ण हुन्छ, यो बडो एउटा तिक्ततापूर्ण हुन्छ। यसलाई हामीले सोच्यौं भने मात्र हामी अगाडि बढ्न सक्छौं। न त के हो भन्दाखेरि यो कसैले पनि के हुन्न भने एउटालाई आइसोलेट गर्न सक्यौं भने हाम्रो प्रणाली नै त्यही छ बनायौं हामीले। यो ठुलो आन्दोलनको परिणाम हो। यो कसैको व्यक्तिगत इच्छासँग होइन। यो आन्दोलनको परिणामलाई हामीले यो अप्ठ्यारो भयो। हामीले निर्वाचित हुने, निर्वाचन गर्ने, हाम्रा मान्छे आउने भनेर भन्यौं भने त्यो गलत हुन्छ। मान्छे ल्याउने कुरामा त के हुन्छ भने अब त्यो ल्याउने मान्छेका कुरा हुन्- धनाढ्य ल्याउँछ कि, हाम्रो मान्छे ल्याउँछ कि, उत्पीडित समुदायको मान्छे ल्याउँछ कि। त्यो ल्याउने मान्छेको, त्यो प्रणालीको कमजोरी होइन। समानुपातिक प्रणाली भएको कारणले गलत मान्छे आएको कुरा होइन। ल्याउने मान्छेको गलत दृष्टिकोणका कारणले जोसुकै प्रवृत्ति र चिन्तनको होस्, गलत दृष्टिकोणका कारणले आएको। यसलाई संविधानलाई दोष लगाएर, प्रणालीलाई दोष लगाएर, उपलब्धिलाई दोष लगाएर अर्कोतिर पश्चगमनको बाटो यो हितकर छैन, यो गलत छ, यो उपयुक्त छैन, राष्ट्रलाई यसले ठीक ठाउँमा ल्याउँदैन, यसले राष्ट्रलाई ठीक ठाउँमा नल्याउने भएको हुँदा यो १२ बजेको जुन कर्मकाण्ड छ, यसको अन्त्य गरेर राष्ट्रिय सहमतिको सरकार बनाऔं, यो प्रचण्डको नेतृत्वमा राष्ट्रपतिको सरकार बनाऔं। राष्ट्रियता उसको राष्ट्रियतासहितको एउटा भनौं सहमतिको सरकार.. (समय सलिएको)।

(१५:५७ बजे)<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, विनियोजन विधेयक २०८१ अन्तर्गत आज छलफलका लागि निर्धारित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, गृह मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोगको सचिवालयसम्बन्धी विनियोजन शीर्षकमाथिहरूको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, विनियोजन विधेयक २०८१ अन्तर्गत मिति २०८१ साल असार २० गते बस्ने बैठकमा वन तथा वातावरण मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, सहरी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्वास्थ्य

तथा जनसङ्ख्या मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र परराष्ट्र मन्त्रालयका विभिन्न शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको सम्बन्धित माननीय मन्त्रीहरूले जवाफ दिनुहुने बेहोरा अवगत गराउँछु।

माननीय सदस्यहरू, म थोरै जानकारी दिइहालौं। हामीले अगाडि दिएको कार्यतालिका अनुसार भोली चाहिँ यो भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय थियो, थोरै चेन्ज गरेर त्यसको ठाउँमा कृषि तथा पशुपंक्षी विकास मन्त्रालय राखेका छौं। यति चाहिँ जानकारी भयो।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल असार २० गते विहीबार बिहान १२ः१५ मा बस्ने गरी यो बैठक यहीं स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल असार २० गते विहीबार बिहान १२ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

स्थगितः-१६ः०० बजे ।